# सुनकोशी-तामाकोशी भेगका माझी जातिको संस्कार गीतहरूका अध्ययन तथा विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको नेपाली विषयको
दशौ पत्रको (५०) पूर्णाङ्कको लोकसाहित्य
प्रयोजनका लागि प्रस्तुत

**अध्ययन पत्र**

शोधकर्ता
हरिबहादुर गिरी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर काठमाडौं
२०६८

## कृतज्ञताज्ञापन

प्रस्तुत अध्ययनपत्र मैले मेरा आदरणीय गुरु लेखराज खतिवडाको कुशल निर्देशनमा तयार पारेको हुँ । उहाँबाट अमूल्य सुझाव र सल्लाहका साथै लोकसाहित्य सम्बन्धी सामग्रीहरू प्राप्त नभएका भए मेरो यस अध्ययनकार्यले पूर्णता पाउने थिएन । अतः मैले यस अध्ययनपत्रमा पाएको सल्लाह र सहयोगका निम्ति श्रद्धेय गुरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मलाई सुनकोशी-तामाकोशी भेगका माझी जातिका संसकार गीतको अध्ययन' शीर्षकमा अध्ययनपत्र लेख्नको अनुमति दिई प्रेरित गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. राजेनद्र सुवेदी प्रति विनम्र कृतज्ञता प्रकट गर्दछु ।

अध्ययनपत्र पूरा गर्न प्रेरित गरी महत्त्वपूर्ण सुझाव, सल्लाह र आवश्यक सामग्रीसमेत उपलब्ध गराउनु हुने श्री महेन्द्र माध्यमिक विद्यालय कुञ्चोक-३ सिन्धुपाल्चोकका सहकर्मी शिक्षक साथीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । अध्ययन पत्र लेखनका क्रममा माझी जातिको संस्कारगत गीत संकलन देखि लिएर विभिन्न किसिमले सहयोग पुऱ्याउनु हुने भुवनबहादुर माझी, भक्तबहादुर माझी, गणेश माझी, सीता माझी, फूलमती माझी र डम्बर रसिक भारतीज्यू प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

यस अध्ययनपत्रको टङ्कन गरी विशेष सहयोग पुऱ्याउने साथीहरू रवीन्द्र श्रेष्ठ र केशव अधिकारी प्रति मुरीमुरी धन्यवाद प्रकट गर्दछु ।

अन्तमा यो अध्ययनपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

हरिबहादुर गिरी
समूह २०६२-०६३ (प्राइभेट)
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर

मितिः

# विषयसूची

पेज नं.


**परिच्छेद - एक**

**अध्ययन परिचय**

१.१ विषय परिचय १

१.२ समस्या कथन ३

१.३ अध्ययनको उद्देश्य ४

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता ५

१.६ अध्ययनको सीमाङ्कन ६

१.७ शोध विधि ६

१.७.१ सामग्री सङ्कलन ६

१.७.२ विश्लेषणको ढाँचा ६

१.८ अध्ययनपत्रको रूपरेखा ७

**परिच्छेद - दुई**

**सुनकोशी तामाकोशी भेगको सङ्क्षिप्त परिचय**

२.१ पृष्ठभूमि ८

२.२ भौगोलिक स्वरूप ८

२.३ राजनैतिक विभाजन ९

२.४ ऐतिहासिक अवस्था १३

२.५ साहित्यिक योगदान १३

२.६ निष्कर्ष १४

**परिच्छेद - तीन**

**लोकसाहित्यको साङ्क्षिप्त परिचय**

३.१ पृष्ठभूमि १५

३.२ लोकसाहित्यको परिभाषा १६

३.३ लोकसाहित्यको विशेषता १७

३.४ लोकसाहित्य विधा र वर्गीकरण १९

३.५ लोकगीतको सैद्धान्तिक परिचय २१

३.६ लोकगीतको परिभाषा २२

३.७ लोकगीतका तत्त्व २६

३.९ संस्कारगीत ३९

## परिच्छेद-चार

## माझी जातिका संस्कारगत गीतहरूको विश्लेषण

४.१ जाति जनजाति र माझी जाति ३३

४.२ माझी जातिको संस्कार गीतहरूको विश्लेषण ३५

## परिच्छेद - पाँच

## सारांश र निष्कर्ष

५.१ सारांश ५०

५.२ निष्कर्ष ५१

**सन्दर्भसामग्री सूची** **५३**

## परिच्छेद - एक

# अध्ययन परिचय

### १.१ विषय परिचय

प्रस्तुत अध्ययन पत्रको शीर्षक सुनकोशी तामाकोशी भेगका माझी जातिका संस्कार गीतको विश्लेषण रहेको छ । त्यसैले यो अध्ययन पत्र तिनै भेगका माझी जातिका संस्कार गीतको विश्लेषणमै केन्द्रित रहेको छ ।

काठमाडौंबाट सबैभन्दा नजकिमा पर्ने जुगल हिमालदेखि पूर्वपट्टिको पानीढलो भएको जलाधर क्षेत्र नै नेपालको जलाधरको मुख्य आधार कोशी प्रदेश भनेर चिनिन्छ । लाङटाङ हिमशृङ्खलाको जुगल हिमालदेखि गौरीशङ्कर हिमाल सम्म सुनकोशी तामाकोशीको मूल जलाधर क्षेत्र हो । सप्तकोशीका प्रमुख सात नदीहरूमध्ये चार नदीहरू इन्द्रावती, भोटेकोशी सुनकोशी र तामाकोशीका जलाधर उक्त जुगल हिमालदेखि गौरीशङ्कर हिमालसम्म पर्दछ । प्रथमतः उत्तरबाट दक्षिणतर्फ बग्दै कतिपय सहायक नदीहरूलाई मिलाउँदै पश्चिमबाट पूर्वतर्फ यी नदीहरू लाग्दछन् । सिन्धुपाल्चोक दोलखाको कालिन्चोक उद्‌गम स्थल भई सिन्धुपाल्चोककै बाह्रविसे क्षेत्रमा सुनकोशी भोटेकोशीसँग मिसिएर लामोसाँघु हुँदै दोलालघाटमा इन्द्रावती नदीमा मिसिन्छ । उक्त स्थानबाट सुनकोशी नदीकै नामबाट पूर्वतर्फ लाग्दछ भने सिन्धुली रामेछापको त्रीवेणीमा गएर तामाकोशी नदीसँग मिसिएपछि खुर्कोट, ग्वालटार, घुर्मी हुँदै ओखलढुङ्गा, उदयपुर हुँदै सप्तकोशीमा उक्त नदी मिल्दछ । यसरी उक्त नदीहरूले उच्च हिमाली क्षेत्रदेखि वेसी, टार दून, खोच बनाउँदै अगाडि बढेको छ । हिमाली र पहाडी प्रदेश यिनीहरूले ओगटेको क्षेत्र हो । यस क्षेत्रमा चिसो हावापानी ठाँउमा गर्मी खालको हावापानी पाइन्छ । सबै जात जातिहरूको मिश्रित बसोबास र विभिन्न सांस्कृतिक अवस्थाका कारण यस भेगमा विभिन्न प्रकारका लोकगीतहरू र विभिन्न जातिका संस्कारमा गाइने संस्कारगत गीतहरू प्रचलनमा रहेका छन् । यहाँ विभिन्न उपशीर्षकमा यस भेगको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

प्राय नदीका किनारमा बसोबास गर्ने माझी जाति नेपालको आदिवासी जनजाति हो । यो जातिको आफ्नै भाषा र मौलिक संस्कृति र संस्कारहरू छन् । तिनै सं्रस्कारहरू गाइने जुन गीत छन् ती लोपोन्मुख अवस्थामा रहेका छन् । सुनकोशी तामाकोशी भेगका  माझी जातिका संस्कारहरूमा गाइने लोपन्मुख संस्कारगीतको अध्ययन छिटपुट रूपमा भएको भए पनि तिनको गहन अध्ययन एवं विश्लेषण भएको पाइँदैन । त्यसैले यो अध्ययन पात्रमा सुनकोशी तामाकोशी भेगका माझी जातिको संस्कार गीतको सङ्कलन, वर्गीकरण र अध्ययन गर्नु अपेक्षित ठहर्छ । यो संस्कारगीत पनि लोकगीतकै वर्गीकरण भित्र पर्ने भएकोले लोकगीतको परिचय यस अध्ययनमा गरिएको छ ।

लामो र मीठो लय, सुन्दा झर्को नलाग्ने जुन लय हामीले कोक्रे अवस्थादेखि सुन्दै आएका छौँ, त्यस्तो जनजिब्रोमा झुन्डिएको गेयात्मक छन्द वा वाक्य जसमा जीवन र जगत सम्बन्धी हाँसो र आँसुलाई हृदयङ्गम गरी अलापिएका लयात्मक गीतिधारालाई नै लोकगीत भनिन्छ ।

लोक भन्नाले मुलुक, संसार र गीत भन्नाले दुःख वा  खुसीका क्षणमा गाइने गाना वा गुनगुनाई सरल र भावनात्मक स्वर भन्ने बुझिन्छ । अर्को शब्दमा लोक जीवनमा मानिसहरूले आफ्ना दुःख सुखका अनुभूतिहरू, भोगाइहरू, वेदना तथा परिवेदनाहरूलाई आफ्नो आवाजद्वारा लयात्मक रूपमा प्रस्तुत गर्ने विधा नै लोक गीत हो । वन, पाखा, चौर चहार्दा, मेलापात गर्दा, भोजभतेर र अर्मपर्म गर्दा एक वा दोहरीद्वारा व्यक्त गरिने लोक जीवनका स्वत स्फूर्त लयात्मक अभिव्यक्तिहरू लोकगीत हुन् । यस्तो लोकगीतहरूमा लोक संस्कृति, लोक परम्परा, लोक चलन, प्रचलन, विधि व्यवहार, आस्था विश्वास मान्यता, माया-प्रीति, प्रेम, सहानुभूति आदि कुराको चित्रण हुने गर्दछ ।

वैदिक कालमा ऋषि महिर्षिहरूले वेद मन्त्रोचारण गर्दा, प्राचीन कालमा गुरुकुल शिक्षाध्ययनका क्रममा नीति, नियम, व्यवहार र अनुशासन सम्बन्धी कुराहरूलाई संस्कृत मन्त्रद्वारा शिष्यले लयमा सरस्वर वाचन गर्दा प्राप्त लोकलयको मृदु छनकको क्रमशः विकास हुँदै आजको अवस्थामा सरस र सुगम ढङ्गबाट लोकलयको विकास हुँदै आएको स्थिति छ । यसरी हेर्दा लोकगीत निकै पुरानो परम्परा हो भन्न सकिन्छ ।

लोकगीतलाई स्थान विशेषले प्रभाव पार्दछ । अर्थात लोकगीत ठाउँ परिवेश अनुसार मौलाउने गर्दछ अर्थात् रसुवा, नुवाकोट र सिन्धुपाल्चोकको सीमानादेखि पूर्वको पानीढलो जसलाई कोशी प्रदेश भनिन्छ । इन्द्रवादी नदीको शिर पाँचपोखरीदेखि पूर्वको पानीढलो जुन लाङटाङ, जुगल हिमशृङ्खलादेखि पूर्वको मध्य पहाडी क्षेत्र हुँदै बग्ने इन्द्रावली, सुनकोशी तामाकोशी आसपासका क्षेत्रमा विभिन्न जात-जातिहरू रहेका छन् तिनै जात जातिहरूमा आफ्नो मौलिक संस्कार र संस्कृति छन् जुन लोकलयका रूपमा पुस्तौ देखि हस्तान्तरित भइ आएका छन् । ती लोकलय र संस्कारका बेलामा गाउने संस्कार गीतको खोजी आजसम्म कहीँ कतैबाट नभएकोले आदिवासी जनजाति मध्येको माझी जातिको संस्कार गीतको सङ्कलन, वर्गीकरण र अध्ययन गर्नु अपेक्षित ठहर्छ ।

दोष, अवगुण आदि हटाएर राम्रो गर्नु, पवित्र पार्नु, राम्रो असल रूपमा परिमार्जित गरी समाजमा प्रस्तुत गर्नु नै संस्कार हो । हाम्रो समाजमा, न्वारान पास्नी, विवहा, व्रतवन्ध आदि संस्कारहरू प्रचलित छन् । यस्ता संस्कार कार्यको समयमा हर्ष वा विस्मात हृदयले अलापिने माङ्गलिक वा कारुणिक लयलाई पनि समाजले लोकगीत क्षेत्र भित्र समाविष्ट गरेको छ; जस्तै-मागल, धमारी आदि ।

## १.२ समस्या कथन

लोकसाहित्यको एक प्रमुख विधा मानिने लोकगीतको अध्ययन निकै भएको पाइन्छ । नेपाली लोकगीतहरूको अध्ययन पनि निकै भएको भेटिन्छ । तर नेपालको पूर्वी भेग कोशी प्रदेशभित्र अर्थात् सिन्धुपाल्चोक, काभ्रे, सिन्धुली, रामेछाप, ओखलढुङ्गा, उदयपुर आदि जिल्ला भएर बग्ने सुनकोशी-तामाकोशी आसपासमा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन छिटपुट रूपमा भएको भए पनि तिनको गहन अध्ययन एव विश्लेषण भएको पाइँदैन । त्यसमाथि लोकगीतको वर्गीकरणभित्र पर्ने संस्कार गीतको त झन् कमै अध्ययन भएको छ । त्यसैले यो अध्ययन पत्र निम्न लिखित समस्याहरूमा केन्द्रित रहेको छ ।

क) सुनकोशी - तामाकोशी भेगको ऐतिहासिक, भौगोलिक तथा सामाजिक अवस्था कस्तो छ ?

ख) लोकगीत साथै संस्कारगीतको सैद्धान्तिक परिचय के कस्तो छ ?

ग) सुनकोशी तामाकोशी भेगका माझी जातिमा के कस्ता संस्कारगीतहरू पाइन्छन् ?

घ) सुनकोशी-तामाकोशी क्षेत्रको माझीजातिका संस्कार गीतहरूले के कस्तो महत्त्व राख्दछन् ?

## १.३ अध्ययनको उद्देश्य

माथिका समस्याहरूमा केन्द्रित रहेर सुनकोशी तामाकोशी भेगमा बसोबास गर्ने माझी जातिका संस्कारगत गीतहरूको अध्ययन एवं विश्लेषण गर्नु नै यस अध्ययन कार्यको मुख्य उद्देश्य हो । यसका उद्देश्यहरू यी हुन्:

क) सुनकोशी - तामाकोशी भेगको ऐतिहासिक, भौगोलिक तथा सामाजिक स्थितिको वर्णन गर्नु ।

ख) लोकगीत र संस्कारगीतको सैद्धानितक परिचय निरूपण गर्नु ।

ग) सुनकोशी तामाकोशी भेगका माझी जातिका संस्कार गीतहरूको सङ्कलन र विश्लेषण गर्नु ।

घ) सुनकोशी - तामाकोशी भेगका माझी जातिका संस्कार गीतहरूको महत्त्व दर्साउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

सुनकोशी-तामाकोशी भेगमा छरिएर रहेका समग्र लोकगीतहरूको बारेमा लेखिएका सामग्रीहरू हालसम्म पाइएका छैनन् । त्यसमा पनि छिटपुट कुनै एक वर्गसँग सम्बन्धित रहेर लेखिएका लोकगीत सम्बन्धी सामग्री प्रकाशित भएका भएता पनि त्यहाँ प्रचलित संस्कारहरूसँग सम्बन्धित गीतहरू लिपिबद्ध नभएका र त्यसमा पनि माझी जातिका संस्कारगीत सम्बन्धी पूर्वकार्य हालसम्म नभएको पुष्टि हुन्छ । तर नेपाली लोकगीतको अध्ययन अनुसन्धान कार्य भने तीव्र गतिमा अघि बढेको हुँदा सो क्षेत्रमा भएका महत्त्वपूर्ण अध्ययन र विचारहरूलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :

कृष्णप्रसाद पराजुलीले आफ्नो नेपाली लोकगीतको आलोक (२०२७) भन्ने पुस्तकमा लोकगीत नदीको प्रवाह जस्तै हुन्छ जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निष्कन्छ तर उसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्र मानव समाजलाई गतिशील दिने काम गर्छ भनेका छन् ।

प्रदीप रिमालले आफ्नो कृति **कर्णाली लोक संस्कृति** खण्ड ५ (२०२८) मा लोक गीतलाई लोक संस्कृतिको महत्त्वपूर्ण अङ्ग मानेका छन् ।

धर्मराज थापा र हंसपुरे सुवेदीले **नेपाली लोक साहित्यको विवेचना** (२०४१) नामक कृतिमा लोकगीत मानव हृदयगत प्राकृत तथा अनुभूत भावनाहरूका उद्‌वेगको तीव्रतम अनुभूति हो, जो साँचो सामूहिक, निख्खर र लयप्रधान हुन्छ भन्नेकुरा व्यक्त गर्दै नेपाली लोकगीतहरूलाई सात प्रकारमा वर्गीकरण गरेका छन् ।

चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** (२०५८) भन्ने आफ्नो पुस्तकमा विभिन्न उमेरका वेग्लावेग्लै भाषा र संस्कृति भएका समूदायहरूमा लोकगीतले सबैको हृदयलाई एउटै विन्दुमा ल्याउँदछ भन्ने कुरा बताएका छन् ।

तुलसीमान श्रेष्ठले आफ्नो कृति **झ्याउरे गीतको बनौट र भेद** (२०६०) नामक पुस्तकमा लोकगीतको वर्गीकरण गरेका छन् भने यिनले आफ्नो कौरा नृत्यको विश्लेषण (२०६१) भन्ने कृतिमा चाहिँ कौरा नृत्य तथा गीतका बारेमा चर्चा गरेका छन् ।

नेपाली लोकगीतको अध्ययन अनुसन्धाका क्रममा प्रकाशित भएका अन्य कृतिहरूमा कालीभक्त पन्तको **हाम्रो सांस्कृतिक इतिहास** (२०३०) काजीमान कन्दङ्वा र विपिनदेव ढुङ्गेलको 'नानीका गीत' (२०३६) नेपाल राष्ट्रिय विधापीठको 'नेपाली लोकगीत अध्ययन र विश्लेषण' (२०५२), हंसपुरे सुवेदीको 'नेपाली लोकसाहित्यको विवेचना' २०४१ कृष्णप्रसाद पराजुलीको नेपाली 'लोकसाहित्यको आलोक' २०५७ र चूडामणि बन्धुको 'नेपाली लोकसाहित्य (२०५८) जस्ता महत्त्वपूर्ण कृतिहरू रहेकाछन् ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

लोकगीत लोकवासीहरूको ढुकढुकी हो । यो रसिलो, मीठो र स्वादिलो हुन्छ । झन हाम्रो धर्म र संस्कृति अनुसार हाम्रो जीवनका हरेक कर्महरू धार्मिक ग्रन्धद्वारा मानिसको जन्मदेखि मर्दाखेरि सम्म गाइने यी संस्कार गीतहरू लोपोन्मुख अवस्था रहेका छन् । यी लोपोन्मुख अवस्थाका माझी जातिका संस्कार गीतहरू लिपिबद्ध गर्न सके भावी पुस्ताले लिपिबद्ध संस्कारगीतहरूलाई सहज रूपमा प्राप्त गर्न सक्ने र वालक देखि वृद्धसम्मले हेर्ने, गाउने, रसस्वादन गर्ने र अझ गहिरिएर खोजी गर्ने परम्पराको विकास

भई त्यस क्षेत्रका लोक संस्कृति र माझी जातिका लोक संस्कारको उजागर हुने हुनाले यो अध्ययन उपयोगीसिद्ध भएको छ ।

### १.६ अध्ययनको सीमाङ्कन

लोकगीतहरू र संस्कारगीतहरू सुनकोशी तामाकोशी भेग मात्र नभएर समग्र देशकै नागरिकहरूको जिब्रोमा झुण्डिरहेका छन् । विभिन्न जात, जाति, भाषाभाषीका संस्कार संस्कृतिमा संस्कार गीतहरू प्रचलित छन् । तर एउटा सानो अध्ययन कार्यमा समग्र नेपाल, र कोशी प्रदेशका माझी जातिका संस्कार गीतलाई समेट्न असम्भव हुने हुँदा यस अध्ययनमा सुनकोशी तामाकोशी भेगमा बसोबास गर्ने माझीजातिको संस्कार र संस्कार गीतहरूलाई आधार बनाई संस्कार गीतहरूको सङ्कलन र विश्लेषण गर्नु प्रस्तुत अध्ययनको सीमा रहेको छ ।

### १.७ शोध विधि

शोध विधि अन्तर्गत सामग्री सङ्कलन र विश्लेषणको ढाँचा पर्दछन् । सामग्री सङ्कलन र विश्लेषण तपसिलमा भए अनुसार गरिएको छ ।

#### १.७.१ सामग्री सङ्कलन

यसका लागि आवश्यक पर्ने प्राथमिक सामग्रीका रूपमा सुनकोशी तामाकोशी भेगका माझी जातिमा प्रचलित संस्कार गीतलाई लिइएको छ। त्यसै गरी लोक साहित्यका बारेमा चर्चा गरिएका पुस्तक पत्र-पत्रिकालाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यी मध्ये यस अध्ययन कार्यका लागि आवश्यक पर्ने प्राथमिक सामग्रीको सङ्कलन क्षेत्रीय कार्यबाट गरिएको छ भने यसका लागि आवश्यक पर्ने द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

#### १.७.२ विश्लेषणको ढाँचा

यस अध्ययनकार्यलाई पूरा गर्नका लागि विषयवस्तुको प्रकृतिअनुरूप अनुसन्धानात्मक, वर्णनात्मक विश्लेषणात्मक सैद्धान्तिक ढाँचा र विधिको प्रयोग गरिएको छ ।

## १.८ अध्ययनपत्रको रूपरेखा

यस अध्ययन पत्रको रूपरेखा निम्न अनुसार रहेको छ :

पहिलो परिच्छेद : अध्ययनको परिचय

दोस्रो परिच्छेद : सुनकोशी तामाकोशी भेगको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : लोकगीत, संस्कार गीतको सैद्धान्तिक परिचय

चौथो परिच्छेद : सङ्कलित संस्कार गीत र तिनको परिचय

पाँचौं परिच्छेद : निष्कर्ष

सन्दर्भ सामग्री सूची

## परिच्छेद - दुई

# सुनकोशी तामाकोशी  भेगको सङ्क्षिप्त परिचय

### २.१ पृष्ठभूमि

लाङटाङ हिमशृङ्खलाको जुगल हिमालदेखि गौरीशङ्कर हिमालसम्म सुनकोशी तामाकोशीको मूल जलाधर क्षेत्र हो । सप्तकोशीको प्रमुख सात नदीहरूमध्ये चार नदीहरू इन्द्रावती, भोटेकोशी सुनकोशी र तामाकोशीका जलाधर उक्त जुगल हिमालदेखि गौरीशङ्कर हिमालसम्म पर्दछ । प्रथमतः उत्तरबाट दक्षिणतर्फ बग्दै कतिपय सहायक नदीहरूलाई मिलाउँदै पश्चिमबाट पूर्वतर्फ यी नदीहरू लाग्दछन् । सिन्धुपाल्चोक दोलखाको कालिन्चोक उद्‌गम स्थल भई सिन्धुपाल्चोककै बाह्रविसे क्षेत्रमा सुनकोशी भोटेकोशीसँग मिसिएर लामोसाँघु हुँदै दोलालघाटमा इन्द्रावती नदीमा मिसिन्छ । र उक्त स्थानबाट सुनकोशी नदीकै नामबाट पूर्व तर्फ लाग्दछ भने सिन्धुली रामेछापको त्रिवेणीमा गएर तामाकोशी नदीसँग मिसिएपछि खुर्कोट, ग्वालटार, घुर्मी हुँदै ओखलढुङ्गा, उदयपुर हुँदै सप्तकोशीमा उक्त नदी मिल्दछ । यसरी उक्त नदीहरूले उच्च हिमाली क्षेत्रदेखि वेसी, टार दून, खोच बनाउँदै अगाडि बढेको छ । हिमाली र पहाडी प्रदेश यिनीहरूले ओगटेको क्षेत्र हो । यस क्षेत्रमा चिसो हावापानी ठाँउमा गर्मी खालको हावापनी पाइन्छ । सबै जात जातिहरूको मिश्रित बसोबास र विभिन्न सांस्कृतिक अवस्थाका कारण यस भेगमा विभिन्न प्रकारका लोकगीतहरू र विभिन्न जातिका संस्कारमा गाइने संस्कारगत गीतहरू प्रचलनमा रहेका छन् । यहाँ विभिन्न उपशीर्षकमा यस भेगको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

### २.२ भौगोलिक स्वरूप

उच्च हिमाली क्षेत्र जुगल हिमालदेखि गौरीशङ्कर हिमालसम्मको उच्च हिमाली भाग सुनकोशी तामाकोशी नदीहरूको उच्च जलाधार क्षेत्र हो । त्यस्तै दक्षिणपटिका माहाभारत शृङ्खला दक्षिण तर्फको जलाधार क्षेत्र हो । यी नदीहरू क्रमश उत्तरबाट दक्षिण हुँदै पूर्वतर्फ लाग्दछन् । यसरी लाग्दा उच्च हिमाली भेग हुँदै पहाडी भेग भएर सप्तकोशीमा मिसिन पुग्दछन् ।

गौरीशङ्कर हिमाललाई काटिइ गएको देशान्तर रेखालाई आधार मानी नेपालकै परमाणविक समयको निर्धारण गरिएको छ ।

यस क्षेत्रमा शीतोष्ण र समशीतोष्ण हावापानी पाइन्छ । यस क्षेत्रमा ऋणात्मक देखि ३६$^{\circ}$-३७$^{\circ}$ सेल्सियस सम्म तापक्रम पुगेतापनि सालाखाला न्यूनतम ११/१२ देखि अधिकतम २०/२१ डिग्री सेल्सियस सम्म औषत तापक्रम हुन्छ ।

यस क्षेत्रमा भालु, चितुवा, मृग, घोरल, खरायो, बाँदर, स्याल, झारल, कालिज, तित्रा, ढुकुर, मुजुर, च्याखुरा, लुइचे, सारौ, काग आदि जंगली पशुपंक्षीहरू पाइन्छ । साथै वनस्पतीहरूमा चाँप, साल, सल्लो, चिलाउने, कटुस, उत्तिस, गुँरास, काफल, अंगेरी, आरूपाते, बाँझ पातले, बोटधँगेरो, टाँकी, कोइरालो, ओखर, ठिगुरे, लप्सी, फलाँट, सिमल, पैयौ, बर, पीपल, बेल आदि प्रसस्त मात्रामा पाइन्छ । त्यस्तै वन पैदावरमा जटामसी, नीरमसी, हर्रो, बर्रो, अमला, सिन्काले चिराइतो, रुदिलो, बोझो, गाईतिहारे, अपमार्ग, वंशलोचन, टिम्बुर, सुनपाती, यार्सागुम्बा आदि प्रमुख छन् ।

यस क्षेत्र खनिज स्रोतमा पनि धनी छ । सिन्धुपाल्चोकका खरिढुङ्गा, तामा, अभ्रख, कोइला आदि पाइन्इएको छ भने रामेछापको ठोसेमा फलामको भंडारै रहेको छ । सुनपाइने हुनाले नदीको नामै सुनकोशी भएको रहेको छ । चौरी र सुनकोशीमा सुन फेला परेको जनाइएको छ र त्यस्तै चुन धेरै ठाउँमा पाइएको छ । यद्यपि खानीको लागि यस क्षेत्र नेपालमै प्रख्यात रहे तापनि वैज्ञानिक रूपमा सर्वेक्षण र उत्खनन्को काम भने बाँकी नै छ ।

## २.३ राजनैतिक विभाजन

नेपालका पचहतर जिल्लाहरूमध्ये यस क्षेत्रमा बागमती अञ्चलका सिन्धुपाल्चोक र काभ्रे जिल्लाहरू पर्दछन् भने जनकपुर अञ्चलका, दोलखा, रामेछाप, सिन्धुली र सगरमाथा अञ्चलका ओखलढुङ्गा र उदयपुर आदि जिल्लाहरू यस क्षेत्रमा पर्दछन् । यस क्षेत्रमा पर्ने केही जिल्लाहरूवको सङ्क्षिप्त परिचय यस प्रकार रहेका छन् ।

**सिन्धुपाल्चोक:** २५४२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस सिन्धुपाल्चोक जिल्ला उत्तरमा चीनको स्वशावित क्षेत्र तिब्बतसँग सीमाना जोडिएको हिमाली जिल्ला हो । यस

जिल्लाको पूर्व काभ्रे, दोलखा रामेछाप, पश्चिममा नुवाकोट, रसुवा, दक्षिणमा काभ्रे, काठमाडौ र भक्तपुर जिल्लाहरू सीमाना जोडिएको छ ।

यस जिल्लामा जम्मा ७९ ओटा गाविस रहेको छ भने हालसम्म नगरपालिका छैन । सुनकोशी र इन्द्रावती नदीको उद्गमन स्थल यसै जिल्लामा पर्दछ । यस जिल्ला ४९ क्याम्पस ३७ उच्च मा.वि. ५६४ सरकारी विद्यालय र २८ निजी विद्यालय रहेका छन् । भने यस जिल्लाको साक्षरता प्रतिशत ३२ रहेको छ ।

यस जिल्लामा प्रमुख रूपमा बसोबास गर्ने ब्राह्मण, क्षत्री, शेर्पा, तामाङ, गिरी, ठकुरी, मगर, धामी, कामी, दमाई, सार्की, माझी जातिहरू रहेका छन् ।

यस जिल्लाका पर्यटकीय स्थलहरूमा हेलम्बु, पाँचपोखरी, मेलम्ची, भैरवकुण्ड, पिस्कर, बाह्रविसे आदि रहेकाछन् भने प्रसिद्ध तीर्थस्थलहरूमा गौराती, भीमसेन, पाल्चोक, पाँचपोखरी भैरवकुण्ड, फटकेश्वर महादेव आदि रहेका छन् ।

सिन्धुपाल्चोक जिल्ला चीनसँग सीमाना जोडिएकाले तातोपानी नाका अन्तराष्ट्रिय नाका समेत रहेको छ ।

यस जिल्लाको मेलम्ची, इन्द्रवती, सुनकोशी, बलेफी र आदि नदीका किनारहरूमा तिपेनी, मेलम्ची, भीमटार, लामोसाँधु, दोलालघाट आदि ठाउँहरूमा माझी जातिको बसोबास रहेको छ । यस जिल्लाको मानव विकास सूचाङ्क ०.४१४ रहेको छ ।

**काभ्रेपलान्चोक**

ऐतिहासिक र धार्मिक प्रसिद्ध स्थल काभ्रे र पलान्चोक को नामबाट काभ्रेपलान्चोक जिल्लाको नाम रहेको छ । यो जिल्ला सिन्धु, दोलखा, पूर्वमा रामेछाप सिन्धुली पश्चिममा, भक्तपुर, ललितपुर र दक्षिणमा मकवानपुर, ललितपुर जिल्लाहरूमा सीमाना जोडिएको छ ।

१,३९६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस जिल्लामा ८७ ओटा गाविस र ३ नगरपालिका रहेका छन् ।

यस जिल्लामा बसोवास गर्ने प्रमुख जात ब्राह्मण, क्षेत्री, तामाङ, नेवार, मगर, कामी, दमाई, सार्की, ठकुरी, माझी आदि रहेका छन् ।

यस जिल्लाको प्रसिद्ध स्थलहरूमा वनेपा, कोशीदेखा, तिमाल, धुलिखेल, कामीडाँडा, मण्डन, पनौती आदि हुन भने प्रसिद्ध तीर्थस्थलहरूमा चण्डेश्वरी, पलान्चोक भगवती, नमोवुद्ध आदि रहेकाछन् ।

यस जिल्लाको दोलालघाटबाट इन्द्रावती र सुनकोशी नदी मिसिई दोलालघाट पचुवारघाट हुँदै उक्त नदी बग्छ । यस नदीका किनारामा दोलालघाट, पचुवारघाट, शेरावेसी, लुँभु, डहु आदि स्थलमा माझी जातिको बस्ती रहेको छ भने यस जिल्लामा उच्च मावि ५७ क्याम्पस १२ ओटा रहेकाछन् । सरकारी विधालय ६५५ र निजी ७१ रही यस जिल्लाको साक्षरता प्रतिशत ७३ रहेको छ भने यस जिल्लाको मानव विकास सूचाङ्क ०.५४३ रहेको छ ।

**दोलखा**

तामाकोशी नदीको उदगमस्थल गौरीशङ्कर हिमाल रहेको दोलखा जिल्लाको क्षेत्रफल २,१९१ वर्ग कि.मि. रहेको छ । १ नगपालिका र ५१ गाविस रहेको उक्त जिल्लामा साक्षरता प्रतिशत ६० रहेको छ । यस जिल्लामा निजी १२ र सरकारी ३९३ विद्यालयहरू रहेकाछन् ।

यस जिल्लामा शेर्पा, थामी, तामाङ, जिरेल, ब्राम्हण, क्षत्री, गिरी, माझी, ठकुरी आदि विभिन्न जातहरू रहेका छन् ।

यस जिल्लाको जिरी, दोलखा, शहरे, देवीटार आदि प्रसिद्ध पर्यटकीय क्षेत्र हुन् भने यो जिल्ला सगरमाथा प्रवेशद्वारको जिल्ला पनि हो । यस जिल्लामा प्रसिद्ध मन्दिर भीमेश्वर प्रसिद्ध दोलखामा रहेको छ भने यसको मानव विकास सूचाङ्क ०.४५० रहेको छ ।

**रामेछाप**

१,५४६ वर्ग कि.मि. क्षेत्रफल रहेको रामेछाप जिल्लामा जम्मा ५५ ओटा गाविस रहेका छन् । पूर्वमा ओखलढुङ्गा पश्चिममा काभ्रे, उत्तरमा दोलखा र दक्षिणमा सिन्धुली जिल्ला रहेका छन् ।

ब्राम्हण, क्षत्री, तामाङ, शेर्पा, सुनुवार, दमाई, कामी, सार्की, माझी आदि यस जिल्लामा बसोबास गर्ने प्रमुख जातहरू हुन् । यस जिल्लाको प्रसिद्ध पर्यटकीय स्थल वाम्तीभण्डार, ठोसे, रसनालु, दोरम्वा आदि हुन् ।

यस जिल्लामा सरकारी ४१२ र निजी १५ विद्यालयहरू छन् भने यस जिल्लाको साक्षरता प्रतिशत ५५ रहेको छ ।

यस जिल्लाको खिम्ती, तिल्पुङ, मन्थली, रजगाउँ, कुनौरी, हात्तीसार, सेलेघाट, डब्खा, पुछिघाट, सित्खा, कोथपे, लुँभु आदि स्थानमा माझीहरूको बाहुल्यता रहेको छ । यस जिल्लाको मानव विकास सूचाङ्क ०.४३४ रहेको छ ।

**सिन्धुली**

सर्लाही, महोत्तरी, धनुषा दक्षिणी सिमाना, मकवानपरु, काभ्रे, पश्चिमी सिमाना, रामेछाप ओखलढुङ्गा उत्तरी सीमाना, उदयपरु, सिरहा पूर्वी सीमाना जम्मा १० जिल्लाहरूसँग सिमाना जोडिएको छ ।

२४९१ वर्ग कि.मि. क्षेत्रफल ओगटेको यस जिल्लामा १ नगरपालिका र ५३ गाविस रहेका छन् ।

ब्राम्हमण, क्षेत्री, तामाङ, हायू, सुनुवार, मगर, दमाइ, कामी, ठकुरी, सार्की, माझी, यस जिल्लामा रहेका प्रमुख जातहरू हुन् । सिन्धुली गढी, हरिहरपुर गढी, तीनपाटन लाम्पानटार आदि प्रमुख पर्यटंकीय स्थलहरू रहेका छन् ।

यस जिल्लाका धार्मिक तीर्थस्थलहरू मध्ये कुशेश्वर महादेव स्थान दुम्जा, झाँगाझोलीको राममन्दिर, बालकेश्वर मुलकोट, भीमेश्वर र सिद्धेश्वर, कमलामाई प्रमुख तीर्थस्थल हुन् ।

यस जिल्लामा गजुलीदह, मजुवा, झाँगाझोली, रातमाटा, सीतलपाटी, खुर्कोट ग्वालटार आदि स्थानमा माझी जाति रहेकाछन् भने जिल्लाको मरिन खोला, कमला खोचमा दनुवारहरूको बाहुल्यता रहेको छ । यस जिल्लाको मानव विकास सूचाङ्क ०.४६९ रहेको छ ।

## २.४ ऐतिहासिक अवस्था

सुनकोशी-तामाकोशी क्षेत्रमा थुप्रै ऐतिहासिक स्थलहरू रहेका छन् । पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नका लागि उपत्यका वरिपरिका राज्यहरू जिती आफ्नो अधीनमा बनाउँदा जयप्रकाश मल्ललाई सहयोग गर्न कप्तान किनलोकको नेतृत्वमा आएको अङ्ग्रेज फौजसँग सिन्धुली गढीमा युद्ध भयो । यस सिन्धुली गढीको युद्धमा आधुनिक हतियारधारी विश्व विजेताका रूपमा त्यसबेला कहलिएका ब्रिटिस सेनालाई समेत पराजित गरेको ऐतिहासिक स्थल सिन्धुलीगढी यही क्षेत्रमा पर्दछ भने नेपाल भोट युद्धमा युद्ध गरिएको क्षेत्र पनि सिन्धुपाल्चोक जिल्लामै रहेको छ ।

## २.५ साहित्यिक योगदान

जुगल हिमाल शृङ्खलादेखि गौरीशङ्कर हिमाल शृङ्खलाबाट निरन्तर बग्ने इन्द्रवती, सुनकोशी नामकोशीका अविरल बगाइसँगै निरन्तर यहाँको भाषा र साहित्यको विकास हुँदै आएको छ । यहाँ लेकवेशी, वनजङ्गल, खेतवारी र खर्कहरू युगौँदेखि लोकलहरीद्वारा झङ्कृत हुँदै आएका छन् । मेलापात, अर्म-पर्म, रनवन, बिहेबटुलो, जहाँकही जहिले तहिले सिर्जनाका सरगमले सुरम्य बन्दै आएका छन् यहाँका पाखापखेरीहरू/हाम्रो धर्ती, हाम्रो आस्था, हाम्रो विश्वास यही निश्वासमा हामीले जिन्दगीमा जीवन पाइरहेका छौँ ।

धेरै पानी वगी सकेको छ इन्द्रावती, सुनकोशी र तामाकोशीमा । यत्तिकै मात्रामा स्वरलहरी उराली सकेका छन् यहाँका स्रष्टाहरूले, कागजका थुप्रै पाना भरिसकेको छन् । सिर्जनाको अथहा पसिना वगिसकेको छ । अगणित स्रष्टा जन्मिसकेका छन् यस भेगमा नेपाली साहित्यको माध्यमिक कालदेखि यस भेगका स्रष्टाहरूको चहलपहल देखिन्छ । यस सानो अध्ययनमा सबै स्रष्टाहरूको व्यक्तित्व, कृतित्त्व प्रस्तुत गर्न त असमर्थ भए तापनि केही चर्चित व्यक्तित्वहरूलाई प्रस्तुत गरिन्छ ।

यस क्षेत्रका प्रसिद्ध साहित्यकारहरू देवीदत्त पराजुली, रेवतीरमण न्यौपाने, केदारमान व्यथित, गुरूप्रसाद मैनाली, वि.पि. कोइराला, उमानाथ शास्त्री, धरणीधर कोइराला, शङ्कर कोइराला, ढुन्डिराज कोइराला, गोविन्दप्रसाद भट्टराई, चन्द्रप्रसाद न्यौपाने, गगन विरही, नरेन्द्रराज पौडेल, सार्दूल भट्टराई, भारद्वाज मित्र, भरतराज मन्थलीय, कृष्णहरि बराल आदि प्रमुख रहेका छन् ।

त्यस्तै यस क्षेत्रको विशेष गरेर माझी जातिलाई आफ्ना प्रमुख पात्र बनाएर लेखिएका कृतिहरूमा शङ्कर कोइरालाको **खैरेनी घाट**, रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** आदि रहेका छन् ।

## २.६ निष्कर्ष

जुगल हिमालदेखि गौरीशङ्कर हिमालसम्म दक्षिण र महाभारत शृङ्खलाको जलाधार यस सुनकोशी तामाकोशी अनेकन भञ्याङ, डाँडा, टार, बेसी, वनजङ्गलले यस क्षेत्रलाई रमणीय बनाएका छन् ।

यस क्षेत्रका साहित्यकारहरूले अनवरत रूपमा साहित्य साधाना गरी आफ्ना कृतिमार्फत राष्ट्रलाई चिनाएका छन् । त्यस्तै विभिन्न जात-जातिहरूको बसोबास भए तापनि अनेकतामा एकता रहेको छ ।

यस क्षेत्रका मानिसहरू गोठालो जाँदा, गोठ बस्दा, घाँस दाउरा जाँदा तथा जाग्राम बस्दा लोककथा गाउँखाने कथा तथा लोकगीतहरू प्रस्तुत गर्ने गर्दछन् । विभिन्न चाड पर्वहरूमा भजन कीर्तन तथा गीतहरूले छुट्टै रौनक थपी रमाइलो वातावरणको सिर्जना गर्ने गर्छन तसर्थ यस क्षेत्रमा लोकसाहित्यिक क्षेत्रमा निकै धनी छ भन्न सकिन्छ ।

## परिच्छेद - तीन

# लोकसाहित्यको साङ्क्षिप्त परिचय

### ३.१ पृष्ठभूमि

मानव समाजको प्रारम्भिक काल जुन समयमा लेख्य विधाको प्रारम्भ नै भएको थिएन । त्यस समयमा पनि मानिसको सिर्जनादेखि नै प्राप्त गरेका सुख-दुःख आँस, हाँसोका कुराहरूलाई गर्दै आएको कुरा प्रस्ट हुन्छ । यो श्रुती लोभ लाग्दो भाषा र शैलीमा जीवनका हाँसो-आँसु, इच्छा-अभाव, सुख-दुःख समस्या र वेदनाहरू प्रस्ट्याइएको हुन्छ । लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानवमुटुको स्पन्दनबाट लोक साहित्यको जन्म भएको हो ।

सिधा साधा जनताको जनजीवन, तिनीहरूको सरल मनोभावना तथा हार्दिक उद्गार आदिको सानो रेखाचित्र जब मानिसको मनस्थलमा उदाउन थाल्दछ । अनि जीवनको आरोह अवरोहमा तरङ्गिएका तिनीहरूका सामाजिक जीवनको यथार्थता पनि मानिसका अन्तरहृदयमा छचल्किएको हुन्छ, लोकसाहित्यमा ।

मानिसलाई भोक प्यासबाट तृप्ति पाउन खानपान आदिको आवश्यकता छ त्यस्तै मानिसको मानसिक सन्तुष्टिको निम्ति सौन्दर्य र आनन्दको पनि आवश्यकता हुन्छ । जीवनको लागि शारीरिक खुराक खान पान आदि हो भने, मानसिक खुराक साङ्गीतिक कला हो भनिन्छ । मानसिक खुराक नभई मानिसले केही गर्न सक्दैन । त्यसैले मानिसको यो मानसिक खुराकका रूपमा मानिसले आफ्नो मस्तिष्कमा भन्डारन आफ्नो समाज आफ्नै गाउँघर, लोकजीवन, संस्कृति, वेदाना, मर्म, हाँसो, आँसु, शोषण, गरिबीका यथार्थ परक घटनालाई रमाइलो घटना, अभिव्यक्तिका रूमपा गुथाइदिएर आफ्नो समयानुकूल कथा, व्यङ्ग्य, अड्को, चुडकिला, गाथा, र नाट्यको रूपबाट उजागर गर्दै मानिसक खुराक लिने र मष्तिष्कमा भण्डार गर्ने काम गर्दछ । जुन मानव सिर्जनाको अवस्थादेखि आज सम्म र भोलि पनि रहिरहने छ ।

### ३.२ लोकसाहित्यको परिभाषा

लोक र साहित्य शब्दहरू मिली लोक साहित्य शब्द बनेको छ । शाब्दिक अर्थमा लोक भन्नाले जनता वा सर्वसाधारण जनता भन्ने बुझाउँछ भने कलात्मक मीठो भाषिक अभिव्यक्ति नै साहित्य हो ।

यसरी सर्वसाधारण मानिसका जीवनयात्राका क्रममा पाइने जति पनि सोचाइ, धारणा र कर्महरू छन्-ती सबै जीवनगत नैसर्गिक प्रवृत्ति हुन् । यिनको सम्बन्ध प्रकारले पनि अभिव्यक्तिसंग हुन आँउछन् र कलात्मक मीठो भाषामा अभिव्यक्ति हुन्छ । यसरी जीवनको यात्राक्रममा पाइने जुनसुकै प्रकारको लोकानुभूति लोकभिव्यक्तिका रूपमा जब मीठो र लोम्याउने भाषा र शैलीलाई पक्रेर ह्दय छुने बन्दै जनसमक्ष प्रकट हुन्छ-वास्तवमा त्यही अभिव्यक्ति नै लोकसाहित्य बन्न पुग्छ ।

अङ्ग्रेजी भाषामा लोकसाहित्यलाई फोकलर (Folklore) भनिन्छ । बेलायतका पुरातात्विक विद्वान डब्लु जे थमस Williom Jon Tommos ले इ सन १८४६ मा Folklore शब्दको प्रयोग गरे । यो शब्द एंग्लो-सेसनको शब्द हो भनी मानिएको छ । यस्को अंग्रेजी अर्थ असंस्कृत, मूढ जनसमुदाय हुन्छ भनै अर्कतिर सर्वसाधारण एवं राष्ट्रका सारा मानिसहरूलाई भन्ने बुझाउँछ । त्यसैले यसको संकुचित एवं व्यापक दुवै अर्थ देखिन्छ । यही शब्दको नेपाली रूपान्तर लोकसाहित्य भन्ने भएको छ ।

यस सम्बन्धमा लोकसाहित्यको परिभाषा विभिन्न विद्वान्हरूले दिएका छन् ती मध्ये केही परिभाषा तल दिइएका छन् ।

वासुदेव त्रिपाठीले आफ्नो पुस्तक **सिंहावलोकन्** (२०३२) मा “जीवनको बहुमूखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोकसाहित्य हो” भनेर भनेका छन् ।

लोक साहित्यलाई लिखित साहित्य भन्दा पुरानो मानिन्छ । तुलसीमान श्रेष्ठका अनुसार “लोक जीवनलाई सरल सरल ढङ्गले यथार्थ र जीउँदो रूपमा निर्देश गर्ने सक्ने भाषा र भावनाका निर्मित भानव मुटुको रूपन्दनबाट निस्केर पुस्तौं-पुस्तादेखि जनजिब्रोमा सलबलाउदै आएको मीठो र आकर्षक मौखिक साहित्य हो र यसले नेपाली जनजीवनलाई अत्यन्त प्रभाव पारेको छ” (श्रेष्ठ २०३०)

हंसपुरे सुवेदी र धर्मराज थापा नेपाली लोक साहित्यको विवेचना (२०४१) मा लेख्छन्-'लोकले सजिलै बुझ्न् सक्ने भाषा र भावनामा निर्मित मानवमुटुको स्पन्दनबाट निस्केको मीठो आर्कषणमय मौखिक साहित्य नै लोक साहित्य हो" ।

यसरी विभिन्न विद्वान्हरूको लोकसाहित्यको परिभाषालाई अध्ययन गर्दा मानव जीवनका आसु हाँसो मिलन विछोड, आपत विपतमा कुनै न कुनै रूपमा कलात्मक रूप अभिव्यक्त हुन्छन् । ती कुनै बेलामा अभिव्यक्ति कला, जुन मुखतरित भई आएकाछन् र आउनेछन् जुन समाजको लिखित वा अलिखित प्रतिविम्वित रूपमा रहेको हुन्छ । त्यस प्रकारको कलात्मक अभिव्यक्ति नै लोकसाहित्य हो ।

### ३.३ लोकसाहित्यको विशेषता

लिपि भएको भाषा होस् या लिपि नभएको भाषा होस् जुनसुकै भाषाको पनि लोकसाहित्य हुन्छ । त्यसैले लोक साहित्यको मूल सम्बन्ध भाषासँग छ । यो भाषाको महत्त्वपूर्ण अभिव्यक्ति हो ।

लोकसाहित्य लोकसंस्कृतिको प्रधान अङ्ग हो भनिन्छ किनकि हाम्रो जनमानस र लोक जीवनमा अपनाइँदै आएको यावत लोक आचार एवं विधि व्यवहार लोक संस्कृति हो र यही लोकसंस्कृतिको सम्मुनत र जनप्रिय एउटा पक्ष लोकसाहित्य हो । यसका विशेषता निम्नानुसार छन् :

१. रचनाकार अज्ञातता
२. श्रृतिमा आश्रित
३. सहज जनउद्गार
४. ऐतिहासिकताको संवाहक
५. लोकजीवन नै लोकसाहित्यको विषय

### १. रचनाकार अज्ञातता

वास्तवमा कुनै कुशल व्यक्तिले केही अरुलाई प्रभावपार्ने कुरा रच्छ र सुनाउँछ । स्रोताले त्यो घटना वा. त्यो रचना आफ्नै हो भन्ने जव महसुस गर्छ । यसरी मुखतरित

हुँदै पुस्तौँ पुस्तासम्म आइपुग्छ । यो क्रम चलि नै रहेको हुन्छ । यद्यापि यसका रचनाकार अज्ञात हुन पुग्छन् यो लोक साहित्यको विशेषता हो ।

### २. श्रुतिमा आश्रित

लोकसाहित्यको मुख्य विशेषता नै श्रुतिमा आश्रित हुनु हो । जब रचयिता अज्ञात भइदिन्छन् । सुनेकै भरमा श्रोताले अर्को श्रोता समक्ष कलात्मक अभिव्यक्ति दिन पुग्छन् । त्यो सुनेकै भरमा पुस्तौ पुस्ता पछिसम्म रहन्छ । फरक कुनै जस्ताको तस्तै भने कुन परिमार्जित भएर ।

### ३. सहज जनउद्‌गार

लोकसाहित्यको अभिव्यक्ति सुकोमल सरल,सरस हुन्छ । जन साधारणको अन्तमर्म, सामान्य जनहृदयबाट निस्केको सुबोध भाषा र भावना आदि यहाँ रमाएको हुने हुँदा विद्वान्‌हरूले यसलाई जनसाहित्य पनि भन्छन् । लोकसाहित्य सारा लोकको, दुनियाँको आफ्नै साहित्य हो ।

### ४. ऐतिहासिकताको संवाहक

अतीतमा जे-जस्तो प्रकारले समाज र संस्कृति, सम्यता र परम्परा चलेका थिए, ती लोकजीवनका राम्रा-नराम्रा जे जस्ता पक्ष थिए ती सबैले गीत र गाथा, कथा र नाटकममा परिचित गराउदै श्रुतिको भरमा आज सम्म लोक संस्कृतिमा र लोक साहित्यमा आफ्नो स्थान जमाइरहेका छन् ।

यसरी इतिहासमा जे-जस्ता घटनाहरू भए लेख्न सम्भव भएका ती घटनाहरू लेखिए । लिपिवद्ध हुन नसकेका ती घटनाहरू आज गीत, कथा, कविता, नाट्य चुटकिला जस्ता रूपमा श्रुतिका आधारमा आजसम्म ज्युँका त्युँ छन् । त्यसैले लोकसाहित्य ऐतिहासिकताको संवाहक पनि हो ।

### ५. लोकजीवन नै लोकसाहित्यको विषय

लोकजीवनको इतिवृत र घटना नै लोक साहित्य हो । यहाँका हरेक पक्षहरूलाई यथार्थता साथ लोकसाहित्यले अँगालेको हुन्छ । जीवनका घटनाहरूबाट गुण दोष, साहस

र पश्चाताप आदिबाट ज्ञान र अनुभव लिई तिनको प्रतिछाप वा तथ्य लोकसाहित्यमा प्रस्फुटित हुन्छ । त्यसैले लोकसाहित्यको अर्को विशेषता लोकजीवन नै लोक साहित्यको विषय हो । अर्थात लोकसाहित्य जनजीवनका तथ्य एवं आदर्शहरूको यथार्थ आलोक हो ।

## ३.४ लोकसाहित्य विधा र वर्गीकरण

लोकसाहित्य लोकसंस्कृतिको एउटा महत्त्वपूर्ण अङ्ग हो । मानिसको जन्मदेखि मृत्यु पर्यन्तका जीवनयात्राका हरेक पद्धति परम्पराहरू जो समय र इतिहासको गति अनुसार थपघट र परिष्कृत हुदै आएका हुन्छन्, तिनै परिष्कृत तथा परिवर्तित हुदै आएका जीवनमूलक पद्धति तथा संस्कारहरूलाई नै हामी संस्कृति भन्न सक्छौ । त्यसैले यो संस्कृतिको एक अभिन्न अङ्ग हो । यो कलाकारका अनुभूतिको तीव्रतामा आफै निर्मित हुन पुग्छ । यसमा रचनाकारको कुनै नियमवद्ध तरिका छैन । यसका रचनाकारहरू अज्ञात रहन्छन् । उनीहरू जुनबेला जुनकिसिमको अनुभव गर्छन् त्यसैलाई ठीक गरी आफ्नो कलात्मक सीपमा गुथ्छन् र अलाप्छन् । यही लयात्मक अलापद्वारा नै उनीहरू तृप्ति लिन्छन् मन बुझाउँछन् । त्यसै अनुकूल समय र अवस्थामा गाथा र कथाहरू भनेर, सुनेर र प्रतिकिया जनाएर ती वक्ता श्रोताहरूको मन बहलाउने काम हुन्छ । त्यस्तै लोकजीवनका के बाला के वृद्धा ? के तन्नेरी सबैले कुनै न कुनै रूपले समय-समयमा कथा, गाउँखानेकथा, टुक्का-चुडकिला, गीत आदिको माध्यमबाट मनोरञ्जन लिने काम गर्दछन् । अतः लोकजीवनका विभिन्न स्थिति र मानसिक अवस्थालाई सहजसँग लोकसमक्ष वाणीको रूपमा अभिव्यक्ति गर्ने जे जति विभिन्न विधाहरू अपनाइन्छन्-तिनीहरू नै लोकसाहित्यका प्रकार हुन् । ती लोकसाहित्यका विधाहरूलाई निम्नाअनुसार वर्गीकरण गर्न सकिन्छ :-

१. लोकगीत

२.लोकगाथा

३. लोककथा

४.लोकनाट्य

५.गाउँखाने कथा

६ उखान-टुक्का

७. विविध

### लोकगीत

स्वच्छ र सहज आत्माबाट प्रस्फुटित कुनै पनि लोकको लय लोकगीत हो । यो समाजप्रति समर्पित हुनासाथ वेनामी बन्दछ र लोक सम्पत्तिका रूपमा रहन्छ । यसमा हरेक प्राणीका आँसु-हासो जीवनजगत् अभाव र समस्या, वियोग र विधा आदि हार्दिक उद्वेगहरू आफ्नै रूपमा उद्घोषित भएका हुन्छन् । त्यसैले लोकगीत लोकसाहित्यको व्यापक र प्रिय विधा हो ।

### लोकगाथा

कुनै पनि वर्णनात्मक वा ऐतिहासिक प्रसङ्गलाई वर्णणात्मक रूपमा लामा लोकगीत पारामा गाइने गीतहरू नै लोक गाधा हुन् । हाम्रा पुर्खाहरूको जीवन पद्धति र जीवनपद्धति र क्रियाकलापको स-विस्तार वर्णन गरिएको हुन्छ, लोक लयमा ।

### लोककथा

लोकसाहित्यको फाँटमा लोकगीत पछिको लोकप्रिय विधा लोककथा हो । यसमा लामो छोटो गद्यरूपको घटनाद्वारा श्रोतालाई मीठो स्वाद चखाइन्छ । घटना विशेषलाई अँगालेर पात्रहरूका आधारमा असम्भवलाई संभव अमूर्तलाई मूर्त, मुकलाई वाक् प्रदान गरी अनौठो अनौठो विषयवस्तुद्वारा रोमाञ्चकता प्रदान गरी केही न केही जानकारी दिने प्रयास गर्नु नै लोककथाको विशेषता हो ।

### लोकनाट्य

लोकसाहित्यमा लोकनाट्य त्यस्तो विधा हो, जसले गीत, सङ्गीत र नृत्यको आधारमा लोकलाई मनोरञ्जन प्रदान गर्दछ । लोकसाहित्यको अन्य विधा भन्दा यो फरक छ किनकि यसमा भेषभुषा, पेशाक, बाजा, सामग्री आदि वस्तुको व्यवस्थापन पहिले नै गरिनु पर्दछ ।

**गाँउखाने कथा**

लोकजीवनको ज्ञान र अनुभवलाई कल्पनाको क्षीण रेखाद्वारा ढाकछोप पारी मानिसलाई अल्मल्याउने किसिमले गरिने चुड्किला वाक्य वा वाक्यांश नै गाउँखाने कथा हुन् । यो लोक साहित्यको समाइलो र चुडकिलो विधा हो ।

**उखान**

लोकजीवनबाट परिष्कृत अनुभव र विवेकद्वारा खारिएका उक्तिहरू नै उखान टुक्का हुन् । अरु विधामा जस्तो यसले मनोरञ्जन प्रदान गर्दैन वरु कर्तव्यको बोध गराउदै बुद्धिविलासमा वृद्धि गर्दछ ।

**विविध**

लोकसाहित्य अन्तर्गतका अन्य विविध लोककथनका विविध क्षेत्रहरू पर्दछन् जस्तो गोठालो गीत, लोक कविता बाल कविता आदि ।

**३.५ लोकगीतको सैद्धान्तिक परिचय**

**पृष्ठभूमि**

लोकसाहित्यका अन्य विधाहरू भन्दा लोकगीत लोकप्रिय तथा महत्त्वपूर्ण विधाको रूपमा रहेको हुन्छ । लोक प्रचलनमा जे जति लोककथा, लोक नाट्य, लोक कविता, लोकगाथा, गाउँखाने कथा उखान र टुक्का रहेका छन् ती सम्पूर्ण विधालाई उछिनेर लोकगीत हरेक व्यक्तिको जिब्रोमा रहन सफल विधा हो । मौखिक परम्परामा हुर्किएको लोकसाहित्य पुस्तौं पुस्तादेखि अलिखित रूपमा नै हस्तान्तरण हुँदै आएको पाइन्छ । लोक साहित्यमा लोक जीवनले भोगेको दुःख-सुख हर्ष- आँसु तथा लोक जीवनका व्यवहार, सहन, सहन, चालचलन अभिव्यक्ति भएको हुन्छ । वासुदेव त्रिपाठीले आफ्नो पुस्तक **सिहावलोकन** २०३२ मा भनेका छन् । "जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्तिनै लोकसाहित्य हो ।" अर्थात लोकसाहित्य लिखित साहित्य भन्दा पुरानो मानिन्छ । तुलसीमान श्रेष्ठका अनुसार "लोकजीवनलाई सरस र सरल ढङ्गले यथार्थ र जीउँदो रूपमा निर्देशन गर्न सक्ने भाषा र भावनामा निर्मित भानव मुटुको स्पन्दनबाट

निस्केर पुस्तौं पुस्तादेखि जनजिब्रोमा सल्बलाउदै आएको मीठो र आकर्षक मौखिक साहित्य हो र यसले नेपाली जनजीवनलाई अत्यन्त प्रभाव पारेको छ । (श्रेष्ठ २०६०) ।

लोकगीत लोकसाहित्य भित्रको एक चर्चित विधा हो । लोकसाहित्यको जानकारी विना लोकगीतको परिचय दिन मुस्किल पर्छ । सिङ्गो लोकजीवन नै लोकगीतको पृष्ठभूमिका रूपमा हुन्छ । त्यसैले यहाँ लोकगीतको परिचय दिई विश्लेषण गर्ने काम भएका छ ।

**३.६ लोकगीतको परिभाषा**

लोक जीवनमा प्रचलित गीतहरू नै लोकगीत हुन् । अङ्ग्रेजी शब्द 'Folk Song' फोकसङ को पयार्यवाचीका रूपमा रहेको नेपालीको लोक र गीत दुई शब्दको संयोजनबाट बनेको छ । “लोक गीतको निर्माण लिखित रूपमा नभएर परम्परागत रूपमा ग्रामीण सम्यता र संस्कृतिबाट भएको हुन्छ । कुनै पनि राष्ट्रको पुरानो सम्यता र संस्कृतिलाई सुरक्षित गर्छ ।” (डिक्सनरी अफ फेकलोर सन् १९५०)

लोकगीतलाई चिनाउने कममा हिन्दी साहित्यकोशले यस्तो निचोड दिएको छ - “लोक गीत वस्तुतः त्यही हुनसक्छ जसमा रचयिताको नीजी व्यक्तित्व उत्रने र लोकको आफ्नै गीत हुनेछ , जुन गीत परम्परामा गाँसिन्छ र परम्पराले समय-समयमा अनुकूल गर्दै रहन्छ ।” (हिन्दी साहित्यकोश २०२०)

लक्ष्मण लोहनीको **रोदिघर** (२०१३) मा उल्लेख भए अनुसार “लोकगीत भनेको बसन्तको हरियालीमा चैते हुरीमा, जेठको खडेरीमा, दिनभरिको थकाइमा डम्फू रन्कोमा, रोदीघरबाट सहेलिदै गाइएका सुरिला मधुरकष्ठ च्याङ्बा र च्याङ्बी, साहिँला र साहिँलीको हृदय फुटेर आएको चोखो सङ्गीतमय उद्गार हो ।”

प्राध्यापक बासुदेव त्रिपाठीको **नेपाली लोकगीतको आलोक** (२०२७) नामक पुस्तकमा लोकगीतको परिभाषा यस्तो छः “लोकगीत नै हाम्रो काव्यपरम्पराको प्रारूप हो ।”

कृष्णप्रसाद पराजुलीको आफ्नो पुस्तक **नेपाली लोकगीतको आलोक** (२०२७) मा उल्लेख भए अनुसार “लोकगीत नदी जस्तै हुन्छ जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट

निस्कन्छ तर उसले ग्रामीण समाजलाई मात्र प्रमाणित नगरी समग्र मानव समाजलाई गतिशीलता दिने काम गर्छ ।

धर्मराज थापाले आफ्नो पुस्तक **गण्डकीको सुसेली** (२०३०) मा “लोक अनुभूति लोकगीत हो, जसले हृदयका उद्‌गारलाई स्पष्ट र यथार्थ रूपमा प्रस्तुत गर्दछ” भनेका छन् ।

राजेन्द्रप्रसाद पौड्यालको **कमला खोंचका लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण** (२०४३) मा कुनै पनि लोक गीत मानवीय जीवन भोगाइका शशक्त अभिव्यक्ति भएर आउँछन् भन्ने उल्लेख भएको छ ।

**नेपाली बृहत् शब्दकोश** (२०४०) मा लोकगीतलाई समाजमा परम्परादेखि गाँउदै र चल्दै आएको गीत भनी बताइएको छ ।

कृष्णप्रसाद पराजुलीको **नेपाली साहित्यको परिक्रमा** (२०४६) मा “काब्य कुशल अभिव्यक्ति हृदयग्राही भाव, हृदय वर्धक शैली, कोमल पदरचनाले गर्दा लोककाव्यको प्रतिनिधित आसन लोकगीतको पाएका छन्” भन्ने उल्लेख छ ।

कृष्णप्रसाद घिमिरेले **कुञ्जिनी** २०५४ मा आफ्नो सांस्कृतिक परिवेश अनुसार समकालीन सामाजिक चेतनाको प्रस्फुटन लयात्मक रूपमा हुने अभिव्यक्त भावक्तलाई नै लोकगीत भनिन्छ भन्ने उल्लेख गरेका छन् ।

लोकसाहित्यविद् कालीभक्त पन्तले आफ्नो पुस्तक **हाम्रा सांस्कृतिक इतिहास** २०५८ मा “लोकगीत त्यो हो । जो कसैको दवाब, धन, बक्सिस र लोभ समेतमा नपरी स्वयम दुखित उत्पीडित, आकान्त, उद्विग्न, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लित, हर्षित संयुक्त र वियुक्त समेत जो कोही जाति, व्यक्ति लिङ्ग, समाज, जिल्ला र गाउँ समेतका नरनारीले कुनै पुस्तकको बन्धनमा नपरी बनाइएको हो भनेका छन् ।

अङ्ग्रेजी विश्वकोश, इन्साइक्लोपेडिया विटानिका (१-४) मा लोकगीतलाई 'Folk Song' फोक सङ्ग) भनि परम्पराद्वारा सुरक्षित भएर एक मान्छे देखि अर्को मान्छेसम्म र एकपुस्ता देखि अर्को पुस्ता सम्म सर्दै जान्छ भनिएको छ ।

चुडामणि बन्धुले आफ्नो पुस्तक **नेपाली लोकसाहित्य** (२०५०) मा उल्लेख भए अनुसार अङ्ग्रेजी साहित्यकार राल्फ भी विलयम्सले लोकगीत न त नयाँ हुन्छ, नत पुरानो हुन्छ । त्यो त जङ्गलको एउटा रूख जस्तै हो जसका जराहरू भूतकालमा गहिराइमा धसिएका छन् जसमा निरन्तर नयाँनयाँ पात र फलहरू उत्पन्न हुन्छन्" भन्ने उल्लेख गरिएको छ । यसै पुस्तक २०५८ मा "लोकगीत भनेको लोक जीवनको रागात्मक, स्वत, स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनमा दुःख सुख आँसु, हाँसो, आशा निराशाका साथै लोकको चालचलन विधिव्यवहार आस्था र मान्यताको चित्रण हुन्छ ।"

यसरी विभिन्न परिभाषालाई हेर्दा लोकगीत प्राचीन कालदेखि नै अलिखित रूपमा श्रुति परम्पराबाटै पुस्तान्तरित हुँदै आएको पाइन्छ । लोकगीतमा गाउँले अशिक्षित जनताका स्वत स्फूर्त लयात्मक अभिव्यक्ति पाइन्छ । मानव जीवनका सुख दुःख, हर्ष पीडा, आँसु-हाँसो तथा विभिन्न चार्डपर्व र संस्कारहरू लोकगीतमा झल्किएका हुन्छन् । कोमल पदरचना, सुमधुर लय, चोखो भाव आदि लोकसाहित्य सबभन्दा पुरानो साहित्य तथा सरल र सरस साहित्य भएकाले सम्पूर्ण साहित्यकै मूल स्रोत मानिन्छ ।

**लोकगीतको वर्गीकरण**

लोकगीतको मानिसहरूको आफ्नो मनका निजी भावनाहरूलाई व्यक्त गर्ने साधन हो । सम्प्रादयको विकासको सुरुवात भएदेखि नै लोकगीत प्रचलित हुँदै आएको छ युगौँदेखि एक पुस्तादेखि अर्को पुस्तामा सर्दै आएकोले लामो समयको अन्तरातलमा परिवर्तन आउनु पनि स्वभाविक नै मानिन्छ । नेपाली लोकगीतहरूमा पनि जीवन विविध पक्षलाई छोइएर गाइएका विभिन्न प्रकारका लोकगीतहरू पाइन्छन् । नेपाली लोकसाहित्यका विभिन्न विद्वान्हरूले नेपाली लोकगीतका बारेमा अनुसन्धान र वर्गीकरण गरेका छन्, तर अझै पनि केही समस्याहरू बाँकी नै रहेका छन् । लोकगीतको समग्र वर्गीकरणलाई हेर्दा नेपाली लोकसाहित्यविद तथा केही विदेशी विद्वान्का मतलाई पनि हेर्न जरुरी हुन आउँछ ।

भारतीय लोकसाहित्यका विद्वान् कृष्णदेव उपाध्यायले लोकगीतलाई निम्न अनुसार पाँच भागमा वर्गीकरण गरेका छन् । (बन्धु २०५८: १२३) - (१) संस्कार

सम्बन्धी गीत (२) ऋतुसम्बन्धी गीत, (३) जातिसम्ब्न्धी गीत (४) श्रमसम्बन्धी गीत र (५) विविध ।

नेपाली लोकसाहित्यका अध्येता चूडामणि बन्धुले नेपाली लोकसाहित्य भन्ने आफ्नो पुस्तकमा लोकगीतलाई निम्न चार किसिमले वर्गीरण गरेका छन् - (१) धार्मिक गीत, (२) अनुष्ठानमूलक तथा संस्कार गीत (३) ऋतुगीत तथा पर्व गीत र (४) श्रमगीत ।

नेपाली लोकसंस्कृतिका अध्येता कालीभक्त पन्तले हाम्रो सांस्कृतिक इतिहास भन्ने आफ्नो पुस्तकमा लोकगीतलाई ७ प्रकारमा विभाजन गरेकाछन् ।

१. राष्ट्रस्तरीय गीत, २) जिल्लास्तरीय गीत ३) ग्रामस्तरीय गीत ४) जातिस्तरीय गीत ५) जाति भाषास्तरीय गीत ६) पर्वस्तरीय गीत ७)लोकनाटकस्तरीय गीत ८) कार्यस्तरीय गीत ९) ऋतुस्तरीय गीत (पन्त २०२८, १४८-१५०)

लोक साहित्यकार कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतको आलोक भन्ने आफ्नो पुस्तकमा लोकगीतलाई निम्न आधारमा वर्गीकरण गरेका छन् :

१. क्षेत्रका दृष्टिमाः पश्चिमाञ्चलका लोकगीत पूर्वाञ्चलका लोकगीत, तराईका लोकगीत डोटेली लोकगीत इत्यादि ।
२. जातीय दृष्टिमाः जात विशेषले गाउने छुट्टा छुट्टै लोकगीतहरू जस्तैः तामाङ सेलो, शेर्पाली, नेवारी, थारु, कुमाल गीत आदि ।
३. कार्य अवस्थाका दृष्टिमाः यस अन्तर्गत संस्कार गीत, कर्म गीत, जस्ता गीतहरू पर्दछन् जस्तो विवहा, पाश्नी, जन्म आदिमा गाइने गीत ।
४. उमेर वा लिङ्गका दृष्टिमाः उमेर अवस्थाका गीतहरू जस्तोः बालगीत, युवायुवतीहरूले गाउने प्रेम प्रसङ्गका गीत, वृद्धा-वृद्धाले गाउने धार्मिक गीत इत्यादि ।
५. स्वरूपका दृष्टिमाः नेपाली लोकगीतलाई तिनीहरूको आकारप्रकार, स्वरूप र बनोट अनुसार वर्गीकरण गरिएको पाइन्छ । यसमा लय अलङ्दकार, बाह्य रचना, रूप आदिका दृष्टिमा वर्गीकरण गर्न सकिन्छ । संरचनात्मक पक्षमा मुक्त र प्रवन्धगीत गरी बाँड्न सकिन्छ । मुक्तगीतमा सगुन, चुडका, दोहरी, झ्याउरे, घाँसे, असारे

रोइला आदि पर्दछन् भने प्रबन्धगीतमा गाथाका विभिन्न प्रकारका गीतहरू जस्तो चरित्र सम्बन्धी गीत, घटनाप्रधान, तीजका गीत इत्यादि पर्दछन् । यसरी आकार तथा आयाम जस्ता रूपभेद होइन, लय, अलङ्कार र रस आदिसम्म पुग्न सकिन्छ ।

६. प्रस्तुतिका दृष्टिमा : नेपाली लोकगीतलाई प्रस्तुतिका दृष्टिमा स्वरमात्र निकालेर गरेको गाइने नृत्य सहित गाइने र बाजा समेत बजाएर गाइने गीतहरू पर्दछन् । स्वर मात्र निकालेर गाइने गीत घाँसे, असारे र र संगिनी आदि हुन भने बाजा सहित गाइने तीजे, ख्याली, दोहरी, झ्याउरे आदि नृत्य गीत मानिन्छ र नृत्यगीत नृत्य वाद्य गीत हो ।

कृष्णप्रसाद पराजुलीले लोकगीतलाई मुख्य दुईभागमा वर्गीकरण गरेका छन् ।

क) वर्षचक्रीय लोकगीत

ख) जीवनचक्रीय लोकगीत (पराजुली २०५८:१४९)

त्यसैगरी भाषाविद् चूडामणि बन्धुले लोकगीतलाई मुख्यतया सामान्य लोकगीत र विशेष लोकगीत गरी दुई भागमा बाँडेका छन् ।

उपयुक्त सबै विद्वान्हरूले गरेको लोकगीतको वर्गीकरणमा समानता पाइदैन । कुनै विद्वान्ले कुनै एक पक्षलाई बढी जोड दिएको पाइन्छ भने कुनै विद्वान्ले अर्को पक्षलाई बढी जोड दिएको पाइन्छ ।

## ३.७ लोकगीतका तत्त्व

कुनै वस्तुको पूर्ण संरचना तयार हुनका निम्ति आवश्यक कुरालाई तत्त्व भन्निछ । लेख्य साहित्यका विविध विधाहरूमा जस्तै लोकसाहित्यका हरेक विधाहरूको पनि आफ्नै संरचनात्मक विशिष्टता हुन्छ । यो विधाहरूको संरचनात्मक बनोटमा प्रयुक्त तत्त्वलाई अङग, अवयव, संरचक घटक, उपकरण आदि पनि भनिन्छ । तत्त्वहरूको यथोचित विन्यास विना लेख्य वा लोक दुवै साहित्यका विधाहरू पूर्ण हुन् सक्दैनन् अर्थात् तत्त्वहरूको आवश्यक सङ्गठन नहुँदा लोकगीत वा कुनै सिर्जनात्मक रचनाले साकार रूप पाउन सक्दैन त्यसैले लोकगीत वा सिर्जनात्मक रचनाका लागि तत्त्वहरूलाई अनिवार्य मान्न सकिन्छ । तत्त्वहरू के-के हुन भन्ने सम्बन्धमा विद्वान्हरूका विभिन्न मतहरू रहेका छन् । नेपाली भाषा र साहित्यका अध्येता एवं वरिष्ठ विद्वान्

चूडामणि बन्धुले, **नेपाली लोक साहित्य** (२०५८) नामक पुस्तकमा लोकगीतमा ६ तत्त्व मानेका छन् १) कथ्य २) भाव, ३) चरण वा पद, ४) स्थायी अन्तरा ५ रहनी र वधन ५) लय वा भाका/वास्तावमा कथ्य (विषय, भाव वा विचार) भाषा र लय वा भाका जस्ता तत्त्वहरू हरेक लोकगीतमा पाइने भए पनि चरण वा पद स्थायी अन्तरा एवं रहनी र बथन जस्ता तत्त्वहरू नपाइन पनि सक्छन् । यसका साथै कतिपय विद्वान्हरूले लय सिर्जना गर्ने सहयोगीका रूपमा प्रयोग हुने बाजा, नृत्य आदिलाई पनि लोकगीतका तत्त्वकै रूपमा चर्चा गरेको पाइन्छ । यी सबै विद्वानहरूका मतलाई विश्लेषण गर्दा लोकगीतमा निम्न लिखित सात प्रकारका तत्त्वहरू हुने देखिन्छ । ती हुन् :

**क) संरचना**

लोकगीतको तयारी हुने अवस्था वा लोकगीतको बनोट नै संरचना हो । अर्थात् स्वतः स्फूर्त र मौखिक रूपमा लोकगीत कथिने र भनिने प्रक्रिया संरचना हो । संरचना लोकगीतको प्रमुख तत्त्व हो । लोकगीतका आन्तरिक र बाह्य गरी दुई संरचना हुन्छन् । कुनै लयलाई समातेर शब्द र शब्दावलीमा उन्दै र पङक्तिगत लोकगीत मानव सभ्यताको विकाससँगै मानिसहरूले आफ्नै दुःख सुख पीडा व्यथा, आँसु-हासो आदिलाई व्यक्त गर्दै आएकाछन् । पुरानो पुस्ताले गाएका गीतहरूलाई नयाँ पुस्ताले पछ्याउँदै र केही परिवर्तन भई प्रस्तुत हुने भएकाले लोकगीतका रचनाकार अज्ञात नै रहन्छन् । र गीतहरू चाहिँ सामूहिक भइदिन्छन् ।

**ख) सामूहिक भावभूमि**

लोकगीतमा कुनै एक व्यक्तिको मात्र भावना नभई लोकजीवनका सबै व्यक्तिहरूको भावना समेटिएको हुन्छ । लोकगीतमा प्रस्तुत हुने दुःख - सुख तथा हाँसो - खुसीका भावनाहरू एक व्यक्तिले प्रस्तुत गरे तापनि त्यसको भावभूमि भने सामूहिक नै हुन्छ । यसलाई लोकको भावका रूपमा लिइन्छ । लोकगीत निजी नभई समूहको सम्पत्ति हो ।

**ग) सहजता र स्वाभाविकता**

लोकगीत गाउनको लागि कुनै अप्ठ्यारो पर्दैन साथै गुरु राखेर साधना गर्नु पर्दैन् । अरुले भनेको सुनेकै भरमा जानिन्छ र आफ्ना मनका भावनाहरूलाई सहज रूपमा लयमा मिसाएर सिर्जना हुन्छन् । लोकगीतमा जटिलता दुरुहता र कृतिमता हुँदैन र कुनै बाध्यतामा सिर्जित हुँदैन । त्यसैले सहजता र स्वभाविकता लोकगीतको महत्त्वपूर्ण विशेषता हो ।

**घ) मौखिक परम्परा**

लोकगीत प्राचीन समय देखि नै मानिसहरूले आफ्ना मनका भावनाहरूलाई स्वरवद्ध रूपमा अलापिदै आएको एक महत्त्वपूर्ण गीति विधा हो । कुनै लिपिको विकास हुनुभन्दा पहिले देखि नै लोकगीत प्रचलित थियो र त्यो मौखिक परम्परामै चल्दै आयो । एक व्यक्तिले गाएको गीत अर्को व्यक्तिले सुन्दै एक कान दुई कान मैदान हुँदै सर्वत्र फैलियो । त्यसैले लोकगीत मौखिक विधा नै मानिन्छ ।

**ङ) मौलिकता र सरलता**

लोकगीत गाउँलेहरूको हृदयबाट निस्केको स्वच्छ भावना भएकोले मौलिक हुन्छ । एउटै गीतलाई धेरै व्यक्तिहरूले गाए तापनि ती गीतहरूमा आफ्ना भावनाहरू मिसिएर मौलिक नै रहन्छन् तथा आफ्नो पनमा व्यक्त हुन्छन् । लोकगीतहरू अनुदित हुँदैनन् । सरल स्वच्छन्द भावनाहरू हुन्छन् । जटिलता भएमा त्यस्ता भावनाहरू लोकले पचाउन सक्दैनन् ।

**च) कथन विविधता**

लोकगीतमा समय र परिस्थिति अनुसार विविध प्रकारका शब्दहरू राखेर लोकगीतहरू गाइन्छन् । संस्कार, चाडपर्व, मेलापात, प्रेमप्रसङ्ग तथा अन्य लोकगीतहरूमा रूप लय र कथन शैली फरक-फरक रहन्छ । दोहरी र एकल गीतमा पनि प्रसङ्ग र कथन पद्धति फरक हुन्छ ।

**छ) स्वच्छन्दता**

लोकगीतको रचना तथा गाउनमा कुनै खास नियम रहेको हुँदैन । शास्त्रीय छन्द र नियममा रहेर लोकगीत निर्माण गरिदैन । लोकगीतमा त आफ्ना मनमा जे जस्ता भावना आउँछन् त्यसैलाई स्वतन्त्र र स्वच्छन्द रूपमा पोखिन्छ । झरनाको पानी जस्तै स्वच्छ र निश्चिल रूपमा लोकगीतमा भाका र भावहरू बहने गर्दछन् । मान्छेका मनमा अटेस मटेस भएर रहेका भावनाहरू लोकगीतमा छचल्किने गर्छन् । त्यसैले स्वच्छन्दता पनि लोकगीतको अर्को महत्त्वपूर्ण विशेषता हो ।

**ज) निष्कर्ष**

विभिन्न विद्वान् वर्गका विचारमा तथा अनुसन्धानबाट निस्किएका परिभाषा, वर्गीकरण र तत्त्वहरू जे जस्ता छन् समग्र सुनकोशी तामाकोशी भेगका लोकगीत पनि ती परिभाषा तत्त्व र वर्गीकरण सँगै नजिक छन् । संस्कार गीत पनि त्यसको नजिक छ । यहाँको लोकगीत संस्कारगीतले स्थानीय जनजीवन चित्रण गरेका छन् विभिन्न लय र भाकाहरूमा पाइने त्यस क्षेत्रका माझी जातिका संस्कार गीतहरूमा सरलता, सहजता, मौलिकता, स्वच्छन्दता पाइन्छ ।

## ३.९ संस्कारगीत

संस्कार बुझ्नका लागि सर्वप्रथम त संस्कृति बुझ्नु पर्दछ । मानिस बाँच्ने क्रममा जे जस्ता क्रियाकलाप अपनाइन्छ, मानिसका ती यावत जीवनयात्राको ढङ्ग नै संस्कृति हो ।

संस्कृति शब्दको प्रयोग विभिन्न अर्थमा भएको पाइन्छ । साहित्यकारहरूले सामाजिक आकर्षण एवं बौद्धिकता प्रकट गर्नका लागि संस्कृति शब्दको प्रयोग गर्दछन् । कवि 'अर्नोल्ड मेथ ' ले जीवनको प्रकाश एव कोमलतालाई संस्कृति भनेका छन् । वास्तवा संस्कृति भनेको व्यक्ति विशेषको पेवा मात्र नभएर एउटा देश भित्र बसोबास गर्ने सम्पूर्ण जवनता अथवा विभिन्न मानव जातिको खानपान, भेषभूषा, रहनसहन, भाषा, प्रथा मूल्य, मान्यता तथा सभ्याताको सामूहिक योगदान परिणाम हो । कुनै पनि राष्ट्रको संस्कृतिको निर्माण एवं विकास एक्कासि नभएर त्यस देशका बासिन्दाहरूको

हजारौँ-हजार वर्षको त्याग र तपस्याको परिणाम हो । जसले एक जैविक प्राणी मानवलाई सामाजिक प्राणीमा परिवर्तन गरिदिन्छ । जस्तो बालक जन्मदा ऊ एउटा मासुको थुप्रो मात्रै हुन्छ । अर्थात् एउटा जैविक प्राणीको रूप मात्र लिन्छ । जब ऊ बन्द र संस्कृति थाहा पाउँछ ऊ, एउटा सामाजिक प्राणीको रूप परिवर्तन हुन्छ । त्यसेले संस्कृति नै यस्तो एउटा तत्त्व हो जसले एक जैविक प्रणाली ‘बालक’लाई विस्तारै-विस्तारै सामीजक प्रणालीको रूपमा परिवर्तन गराउँदछ ।

संस्कृति शब्दको उत्पत्ति ‘संस्कृत’ शब्दबाट भएको हो । ‘संस्कृत’ को अर्थ परिस्कृत वा सुद्धयाइएको वा शुद्ध गरिएको हो । त्यसैले संस्कृतिको सम्बन्ध यस्ता तत्त्वहरूसँग छ जस्ले व्यक्तिलाई परिस्कृत गर्न सक्दछ । संस्कृति भएर नै मानव अन्य प्राणी भन्दा उच्च स्थानमा रहन पुगेको हो । केही विद्वान्हरूले संस्कृति शब्द ‘संस्कार’ शब्दबाट लिइएको हो पनि भनेका छन् जसको अर्थ ‘शुद्धिक्रिया’ वा अवगुण दोष, कमजोरी आदि हटाई परिष्कार गर्ने काम हो । शुद्धिको अर्थ पवित्रतासँग छ । अर्थात जैविक प्राणी मानवलाई सामाजिक प्रणाी बनाउनमा जति पनि तत्त्वहरू हुन्छन् । त्यसको समग्रतालाई नै संस्कृति भनिन्छ । जसको अर्थ विस्तृत रूपमा बुभ्न त्यस सम्बन्धी विभिन्न विद्वान्हरूले दिएको परिभाषा यस प्रकार रहेको छ :

“संस्कृति त्यो सम्पूर्ण जटिलता हो, जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानून प्रथा यस्ता महत्त्वपूर्ण क्षमता एवं गुणहरू सम्मिलित हुन्छन् । जसलाई मानवले समाजको सदस्यको हैसियतले आर्जन गर्दछ ।” (बि. टेलर)

“संस्कृति मानवले बनाइएको वस्तु हो, जसद्वारा उसले आफ्नो लक्ष्य प्राप्त गर्दछ ।” (बी. मालिनओस्के)

“संस्कृति सिकिएको एकीकृत व्यवहार प्रक्रियाको त्यो सम्पूर्ण योग हो, जसले कुनै निश्चित समाजका सदस्यहरूको विशेषताहरूलाई चिनाउँछ, यो जैविक प्रक्रियाबाट प्राप्त परिणाम होइन ।” (इ.ए. होबेल)

“संस्कृतिलाई ज्ञान, धारणा एवं प्रक्रिया व्यवहार प्रक्रियाको कुल योगको रूपमा परिभाषित गर्न सकिन्छ, जसमा समाजका सम्पूर्ण सदस्यहरू सहभागी हुन्छन् ।” (लिनटन)

"संस्कृति मानव निर्मित वातावरणको एक भाग हो ।" (एम्.जे. हस्कोभिट्स)

समग्रमा मानवले कुनै समाजको सदस्यको हैसियतले आर्जन गरेका ती सम्पूर्ण कुराहरूको योग हो जसमा ज्ञान, विश्वास, मूल्य, मान्यता, भाषा, कानुन, प्रथा आदि कुराहरूको समावेश भएको हुन्छ, जुन मानव मस्तिष्कको उपज हो । मानवद्वारा निर्मित भौतिक तथा अभौतिक दुवै पक्षलाई संस्कृति अन्तर्गत समावेश गर्न सकिन्छ । मानवले संस्कृतिलाई एक पुस्तादेखि अर्को पुस्तासम्म निरन्तर हस्तान्तरण गरिरहन्छ । यो एक समाज विशेषको सम्पूर्ण कानुन, परम्परा, मूल्य, मान्यता तथा व्यवहार, बोलीचाली, खानपान, भेषभूषा आदिको संयुक्त रूपलाई नै संस्कृति भनिन्छ । जसलाई मानवले समाजको सदस्यको नाताले आर्जन गर्दछ न कि वंशानुक्रमद्वारा प्राप्त गर्दछ ।

दोष, अवगुण आदि हटाएर राम्रो गर्नु, पवित्र पार्नु, राम्रो असल रूपमा परिमार्जित गरी समाजमा प्रस्तुत गर्नु नै संस्कार हो । हाम्रो समाजमा न्वारान, पास्नी, विवाह, व्रतबन्ध आदि जसता संस्कारहरू प्रचलित छन् । यस्ता संस्कार कार्यको समयमा हर्ष वा विस्मात् हृदयले अलापिने मांगलिक वा कारुणिक लयलाई पनि समाजले लोकगीत क्षेत्रभित्र समाविष्ट गरेको छ, जस्तै मागल, धमारी आदि ।

हिन्दू धर्म र संस्कृति अनुसार मानिसको जन्मदेखि मृत्युसम्म मानव जीवनसँग सम्बन्धित सोह्रवटा संस्कार कर्महरू गर्नुपर्ने कुराहरू तल श्लोकले बताउँछ :

*गर्भाधानं पुसवन सीमन्तो जातकर्म च*

*नामक्रिया निक्रमणोउन्नाशन वपन क्रिया*

*कर्णवेधा व्रतादेशो वेदारम्भ क्रियाविधि*

*केशान्तं स्नानमुहाहो विवाग्नि पपिरग्रह*

*त्रेताग्नि संग्रहश्चेति संस्कार षेड्श स्मृता*

यसरी हाम्रो धार्मिक ग्रन्थले सोह्र संस्कार बताए पनि हाल हाम्रो लोक जीवनमा जातकर्म (जन्म), यत्रोपवित्र (व्रतबन्ध), पाणीग्रहण (विवाह) आदि दशकर्म विशेष प्रसिद्ध छन् । यी उत्सवहरूमा विभिन्न रंगरसका लोकभाकाहरू खुलेका पाइन्छन् ।

हाम्रो संस्कारगत गीतको पृष्ठभूमि परम्परागत शास्त्रीय विधि विधानसँग सम्बन्धित छ भने अर्कोतिर लोकमङ्गलको उदार भावनाद्वारा जीवन जगतलाई

व्यापकता प्रदान गर्ने पनि रहेको छ । एकातिर संस्कारद्वारा जीवनका कुविचार तथा असल भावनालाई पन्छाई आलोकप्रति सचेत गराउने प्रयत्न हुन्छ भने अर्को जीवनयात्राका विभिन्न खुड्किला तिनको महिमा तथा ममता परम्परागत आस्था पवित्रताप्रति मानव जीवनलाई उन्मुख गराउने प्रयत्न पनि यहाँ पाइन्छ । प्रत्यक्ष वा अप्रत्यक्ष जुन प्रकारबाट होस् संस्कारहरूले हामीलाई जीवन विकासको अवस्था केवल शारीरिक र भौतिक होइन, यसको सम्बन्ध त मानिसको सद्बुद्धि, सद्भावना र आत्मिक उन्नतिमा छ । जीवनका हरेक खुड्किलामा गरिने यी संस्कार केवल भोजभतेर, मनोरञ्जन र उत्सवका रूपमामा होइनन्, यिनमा अन्धविश्वासको यात्रा मात्र छैन । यिनले हामीलाई सत्कर्मप्रति उन्मुख गराउने प्रयत्न गरिरहेका छन् । जब आफ्नो कर्तव्य र कर्मप्रति मानिस उदासिन बन्न खोज्छ, बाटो भुल्न थाल्दछ, त्यतिखेर संस्कारले उसको ध्यान र कर्तव्यलाई उद्बोध गराउने प्रयत्न गर्दछन् ।

जीवन विकासक्रमको महत्त्वलाई सामूहिक र सामाजिक स्तरमा कायम गराउन र कर्तव्यप्रति सचेत रहन उद्बोध दिन्छन् । संस्कारलाई हामीले ठ्याम्मै बिर्सिदिने हो भने संस्कारको अभावमा जीवनका घटनाहरू शारीरिक र दैनिक आवश्यकताहरू आर्थिक व्यापार जस्तै खुल्ला हुन्छन् ।

हाम्रो संस्कार विधानको अवसरमा गाइने सारा लोकगीतहरूलाई हामीले यसको वर्गीकरण भित्र राखेका छौं । तान्त्रिक किसिमका पूजाविधि र मांगलिक अवसरमा गाइने संस्कारगत गीतहरूको र गाथाहरूको आफ्नै रूप छ । यस्ता लोकलय र भावनाहरू खोजमेल गरी संकलन गर्ने र मर्म प्रस्तुत गर्ने प्रयास हामीबाट हुन सकिरहेको छैन । यी हाम्रा जीवन संस्कारगत शुभकार्य, पर्व, उत्सव वा जात्रा आदिमा गाइने लयहरूको वास्तविक इतिहास हामीलाई थाहा छैन । जेहोस् मागल, फाग, धमारी, प्रार्थना-पाठ, आदि हाम्रो संस्कारगत गीतभित्र पर्दछन् ।

## परिच्छेद-चार

# माझी जातिका संस्कारगत गीतहरूको विश्लेषण

### ४.१ जाति जनजाति र माझी जाति

सामान्य अर्थमा जनजाति भनेको आफ्नै मौलिक भाषा, मौलिक संस्कृति र धार्मिक आस्थामा आधारित मानिसहरूको समूह हो । यिनीहरू निश्चित भौगोलिक क्षेत्रमा बसिरहने वा लिखित तथा मौलिक इतिहास हुने र त्यो इतिहासलाई मान्यता दिदै निरन्तरता कायम गरेका हुन्छन् । उनीहरूको भाषा, संस्कृति, धर्म, सामजिक मूल्य र मान्यतालाई राज्यको राजनैतिक शक्तिले दबाई रहने आरोप लागेको छ । उनीहरू पछाडि परेको देखिन्छ ।

"आफ्नै मौलिक संस्कृति भएका सामाजिक विकासका दृष्टिले अन्य जातिभन्दा पछि परेका समूहलाई जनाउँछ" भनी राष्ट्रिय जनजति विकास समिति गठन आदेश २०५४ ले भनेको छ ।

"जनजातीय समूह भन्नाले आफ्नै मौलिक परम्परागत जीवनशैली एवम् संस्कृति भएका मानिसहरूको सदस्यलाई जनाउँछ ।"(डिक्सनरी अफ सोसियोलोजी)

"जनजातीय समूह एउटा वृहत् जनसंख्याको त्यो भिन्न इकाइ हो, जस्को संस्कृति प्रायः गरी अन्य भन्दा भिन्न हुन्छ ।" (इन्साक्लोपिडिया अफ दि सोसियल साइन्स)

यसरी नेपालको जनगणना २०५८ जनजातिको संख्या ६० रहेको देखाइएको छ । यी जनजातिहरू मध्ये माझी जाति पनि एक हो । भित्रि मदेश र कोशी किनारमा रहेका छन् ।

नेपाल बहुभाषी तथा बहुजातिहरूको संगमस्थल हो । यहाँ विभिन्न प्रकारका जात, जातिरू बसेका छन् । उनीहरूको आ-आफ्नै मातृभाषाहरू छन् । नेपालमा बसोास गर्ने अनेकौं जातिहरू मध्येको एक जाति हो माझी जाति ।

प्रायः नदीका किनारहरूमा बसोबास गर्ने यो जाति नेपालको आदिवासी जनजाति नै हो । यो जातिको आफ्नै भाषा पनि छ र अरूको भन्दा बेग्लै मौलिक संस्कृति पनि छ ।

माझी जाति नदीका किनारमा बसोबास गरेका कारण यिनीहरू नदीलाई विशेष देवताका रूपमा लिन्छन् । नदीको पूजाआजा गर्छन् । यिनीहरू ५/७ वर्षकै बच्चा अवस्थादेखि नदीमा पौड्ने हुन्छन् । पौडी खेल्न प्रायः महिला - पुरुषले जानेका हुन्छन् ।

माझी जातिको मुख्य पेसा खेती किसानी भएता पनि यिनीहरू माछा मारेर आफ्नो जिवीका चलाउँछन् । यो जातिको पुख्यौली पेशा माछा मार्नुका साथै नदीमा डुङ्गाको प्रयोग गरी मानिसहरूलाई नदी वारपार गराउनु पनि हो । हालैका दिनहरूमा धेरै ठाउँमा पुल बनेकाले घाटमा बसेर नदी वारपार गराउने कार्यमा केही कमि आएको छ ।

प्रायः नदीका किनारमा बसोबास गर्न रूचाउने यो जाति नेपालको कोशी, गण्डकी क्षेत्र र भित्रि मधेशमा बसोबास गर्छन् । यो जातिलाई कतै दनुवार, बोटे भनेर पनि चिनाइने गरिन्छ तर समाजशास्त्रीहरूले बोटे, दनुवार र माझीलाई भिन्दाभिन्दै जनजाति अन्तर्गत राखेको पाइन्छ ।

जुनसुकै जातभित्र पनि विभिन्न थरहरू रहेका हुन्छन् । यो जातिमा पनि विभिन्न उपथरहरू रहेका छन् । बूढापाकाका भनाइमा यिनीहरूमा प्रमुख ५ थरीका छन् । जिन्खाइ दनुवार माझी, याल्थरू माझी, कुसुवार माझी, कुमाले माझी र बाँतर माझी हुन् । यी प्रमुख थरहरू भित्र पनि केही उपथरहरू रहेका छन् । जिन्खाइदनुवार भित्र राजवंशीदनुवार, गोरेदनुवार, सूर्यवासी दनुवार, त्यस्तै कुसुवार माझीभित्र काँसकुसुवार, कुसकुसुवार, लोहरीकुसुवार, पहेरेलीकुसुवार र नेपालेकुसुवार छन् भने कुमालेमाझी, बाँतरमाझी र याल्थरूमाझीको उपथर भेटिएको छैन ।

माझी जातिको थर र उपथरहरूलाई तल दिइएको छ ।

**माझी**

- जिन्खाईदनुवार माझी
  - राजवंशीदनुवार माझी
  - गोरेदनुवार माझी
  - सूर्यवासीदनुवार माझी
- याल्थरू माझी
- कुसुवार माझी
  - काँसकुसुवार माझी
  - दूधकुसावार माझी
  - कुसकुसुवार माझी
  - लोहरीकुसुवार माझी
  - पहरेली कुसुवार माझी
  - नेपाले कुसुवार माझी
- कुमाले माझी
- बाँतर माझी

माझी जातिमा विशेष गरी थरलाई भन्दा पनि पदलाई बढी मान्यता दिन्छन् । यो जातिभित्र प्रमुख पदहरू गौरूङ, मिजार, दलाति आदि हुन् । यिनीहरू केही कार्य गर्नु पर्‍यो भने मिजार, गौरूङको सल्लाह र आदेश लिन्छन् ।

माझी जातिले अन्य जातिले जस्तै विभिन्न चाडपर्वहरू मान्छन् । तिनीहरूमध्ये दशैं, तिहार, माघे संक्रान्ति, वैशाख पूर्णिमा, चैते दशैं र साउने संक्रान्ति प्रमुख रहेका छन् भने यिनीहरूको आफ्नै मौलिक चाड भने घाटपूजा हो । हालै माझी जातिको पहिचानको लागिघाटपूजा देशैभर एउटै समय र व्यापकरूपमा मान्ने निर्णय पनि यो जातिले गरेको छ । यसको अलावा यिनीहरू भूमि (जखनी) पूजा वा चाड पनि मान्ने गर्दछन् । २०५८ सालको जनगणना अनुसार यिनीहरूको जनसंख्या ५५ हजारको हाराहारीमा रहेका छन् ।

## ४.२ माझी जातिको संस्कार गीतहरूको विश्लेषण

माझी जातिमा न्वारान, पास्नी, विवाह, ब्रतबन्ध आदि विभिन्न संस्कारहरू प्रचलित छन् । यस्ता संस्कार कार्यको समयमा हर्ष र विस्मत हृदयको मांगलिक वा

कारुणिक लय पनि छन् । यस अर्थमा दोष अवगुण आदि हटाएर राम्रो गर्नु, पवित्र पार्नु, असल रूपमा परिमार्जित गरी समाजमा प्रस्तुत गर्नु नै संस्कार हो । न्वारान, पास्नी, विवाह, मृत्यु आदिमा अलापिने मांगलिक वा कारुणिक लय माझी जातिको आफ्नै लय हो ।

हुन त हालसम्म संस्कार गीतको अध्ययन गर्दा तान्त्रिक किसिमको पूजाविधि र मांगलिक अवसरमा गाईने संस्कारगीत, लोकलय र भावनाहरू खोजमेल गरी संकलन गर्ने र मर्म प्रस्तुत गर्ने प्रयास यहाँ हामीबाट हुने सकेको छैन । यी हाम्रा जीवन संस्कारगत शुभ कार्यमा र परम्परागत पर्व उत्सव वा जात्रा आदिमा गाइने लयहरूको वास्तविक इतिहास हामीलाई थाहा छैन । यी गीतिधाराहरू जो सय वर्षदेखि हजारौँ वर्ष पुराना छन् । मुखैमुख र श्रुतिको भरमा प्रचलित छन् । माझी जातिको संस्कारमा रहेका यी विशाल सामुन्द्रिक यात्रा क्रममा हामी समुद्रको किनारमा पाइलो मात्र टेक्न लागिरहेका छौँ र माझी जातिका केही संस्कार र संस्कारगत गीतहरू प्रस्तुत गर्न गइरहेको छौँ ।

**क) जन्म संस्कार**

यस जातिको सुनकोशी-तामाकोशी नदी आसपासमा विशेष बच्चा जन्मदा ३ दिनदेखि ५ दिनसम्ममा न्वारान गर्ने चलन रहेको छ । विशेष तीन दिनमा छोरीको न्वारान गरिन्छ भने छोराको पाँच दिनमा गर्ने चलन रहेको छ । कतै कतै ५ दिन र ७ दिनमा न्वारान गर्ने चलन रहेको छ । यस दिन सामान्य भोज आदि गर्ने चलन रहेको छ । बच्चाको नाम जन्मवार कै आधारमा राख्ने चलन कतै कतै रहेको छ । जस्तो सोमबार जन्मे सोमबहादुर, मङ्गलबार जन्मे मङ्गली आदि । भोजमा मिजारसहित सगुन (जाँड, कुखुराको मासु, माछा) आदि खुवाउने चलन रहेको छ । यस अवसरमा छुट्टै गीत गाउने चलन रहेको छैन ।

**ख) पास्नी**

सामान्यतयाः ३,५ वा ७ महिनामा बच्चालाई अन्न खुवाउने चलन छ । यस बेलामा पनि सामान्य भोज (आफन्तहरू बसेर) खाने चलन रहेको छ । छुट्टै गीत आदि यस अवसरमा पनि गाइएको पाइएको छैन ।

**ग) विवाह**

यस भेगमा (तामाकोशी, सुनकोशी) विवाहको लागि योग्य उमेर भएपछि कुन ठाउँमा केटी माग्न जाने हो उक्त ठाउँमा बुधबार पारेर एक पेरेङ्गी माछा र एक पोङ जाँड लिएर केटा पक्षका केटासहित लमी जान्छन् । यदि केटी पक्षले उक्त सगुन सकारेमा केटी दिने र नकारेमा केटी नदिने वा नमिल्ने भन्ने बुझाई हुन्छ । यदि सगुन सकारे (स्वीकार गरे) विवाहको मिति तोकिन्छ । यस भेगमा अन्य ठाउँको भन्दा फरक के छ भने यो जातिको विवाह बुधवारभन्दा बाहेक अरु वार गर्ने चलन रहेको छैन । तर सिन्धुपाल्चोकको भीमटार इत्यादि क्षेत्रमा भने क्यालेन्डर अनुसारकै दिन विवाह गर्ने चलन रहको छ ।

विवाहमा लमी मुख्य हुन्छ । लमीलाई सेतो फेटा र भाला दिइन्छ । भालालाई शेर्मा भनिन्छ । विवाहमा केटी पक्षको घरको आँगनमा पुगेपछि लमीले बोकेको शेर्मा आँगनमा गाडिन्छ । बेहुली पक्षकाले स्वागत गर्छन् । यसरी स्वागत गर्दा सगुन स्वरूप अमिलो अचार र एक दुनो जाँड जन्तीहरूलाई दिने चलन छ । परालमाथि बस्न दिने, पराल ओछ्याई दिने र चामलको जाँड जन्तीहरूलाई खुवाउने चलन रहेको छ ।

खाईपिई चुठिसकेपछि बाहिर केटीका र केटाका पक्षबाट झ्याउरे (चुड्के) लयमा लोकगीत गाएर रमाइलो गर्ने चलन रहेको छ भने मिजारले केटा केटीलाई सँगैराखी सिन्दुर हाल्ने बेलामा यो गीत गाएर सिन्दुर हाल्ने चलन छ ।

*आजै र देखि ज्वाइँराजको पाउ हामीले पूज्यौ है*

*हामरी चेली ज्वाइँराजालाई सुम्पियौं है*

'हामीले आजैदेखि हाम्री चेली ज्वाइँको पाउँमा पूजेर दिएका छौं । पाले पुण्य मारे हत्ते' आदि यस गीतले भनेको छ । त्यस्तै कतै-कतै दुलहीलाई घरमा ल्याएर घरपटिका मिजारले र कतै-कतै विवाहमा नै माईती पक्षमा मिजारले तलको गीत गाएर सिन्दुर हाल्छन् ।

*खोजीमिली नल्याए त ज्वाइँ केरे दोष*

*तुल्याई बनाई नदिया त छोरी क्यारे दोष*

परिवारमा आ-आफ्नो कर्तव्य हुन्छ । लोग्नेको आफ्नो कर्तव्य हुन्छ त्यस्तै स्वास्नीको/ज्वाइँको खोजी मिलि ल्याउने कर्तव्य हुन्छ । ज्वाइँले खोजेर ल्याउँदा पनि छोरीले तुल्याएर बनाएर दिएनन् भने छोरीको दोष हुन्छ । त्यसैले आफू-आफूले आफ्नो कर्तव्य पूरा गर्नु भनी यो गीतले सन्देश दिएको छ भने संरचनात्मक दृष्टिले पहिलो हरफसँग दोस्रो हरफको सामिव्यता छ । पूज्यौं है, सुम्प्यौं है आदि अन्त्यानुप्रासले गीतलाई रमाइलो बनाएको छ । 'केरे' को प्रयोगले गीतलाई मिठास भरिदिएको छ । यस भेगमा छोरीले  अन्माउने बेलामा डोली चड्नु हुँदैन भन्ने मान्यता रहेको पाइन्छ भने मामाले पनि बोक्नु हुँदैन भन्ने मान्यता रहेको छ ।

**ङ) मृत्यु संस्कार**

माझी जातिमा मानिसको मृत्यु भएपछि टोल छिमेकमा भएका मानिसहरू जम्मा हुन्छन् । गौरूङ मिजार आदि पनि जन्मा हुन्छन् । उनीहरूकै निर्देशनमा लासलाई सेतो कपडा वा पिताम्बरले ढाकी बाँसमा बाँधी उनीहरू नदी तट (घाट) मा लगेर दाहसंस्कार गर्छन् । यिनीहरूमा लास जलाउने चलन रहेको छ ।

लासको सदगत गरेपछि मृतकका छोराहरू सेतो कपडामा घर फर्किन्छन् । घरको एउटा कुनामा चोखोनितो गरेर एक छाक खान्छन् र चढाउँछन् । यिनीहरू सात दिनमा चोख्याउँछन् । सोह्र श्राद्ध वा कतै कतै दशैंसम्म सेतो लुगा लगाएर बरखी बार्ने चलन रहिआएको छ । किरियापुत्रीहरू चोख्याउँदा यिनीहरू कुनै पनि त्यस्ता गीतहरू गाउने गर्दैनन् ।

प्रेत भएको मानिएका मृतकहरूलाई पितरा (पित्र) उतार्ने भन्दै यस क्षेत्रका माझीहरू सोह्र श्राद्धमा पूर्णिमाका दिनमा मृतकको घरमा थान बनाई पूजाआजा गर्ने चलन रहेको छ । पूर्णिमाकै दिनमा मृतकको प्रेतात्मा भए पितरा आउने संकेत उनीहरूले पाउँछन् । यसरी थान थाप्दा यस अवस्थामा उनीहरूको आफ्नै भाका हुन्छ । उक्त लामो लेघ्रो तानेर भन्ने लोकलय जुन लय उनीहरू अघिपछि कहिल्यै गाउँदैनन्- त्यस लोकलयमा यी गीतहरू गाउँछन् ।

जस्तैः

*चडाई पनि राख्या छौं*

*बढाई पनि राख्या छौं*

*पितराकै निम्तिमा २*

*एक एक थान पटुकी*

*एक एक थान घलेक*

*एक एक थान भोटो*

*एक एक थान टोपी*

*एक थान चुरी*

*एक थान पाउजू*

*एक थान काइयो*

*एक चिम्टी सिन्दुर*

*चढाई पनि दिलायौं*

*बढाई पनि दिलायौं*

*पितरैको नाम गरी*

*चढाई बढाई दिलायौं ।*

पितराको थान थाप्दा मिजारले उक्त गीत गाउँदै विभिन्न कुराहरू चढाउँदै थान थाप्दछन् । त्यसमा मृतक लोग्नेमानिस भए भोटो, टोपी आदि र स्त्री भए पटुकी, घलेक (दोकाँधे भिर्न मिल्ने धोती फरिया) चढाउँछन् ।

यसरी थान थापीसकेपछि कुनै ठाउँमा पहिलो मंगलबार, कुनै ठाउँमा दोस्रो मङ्गलबार, स्रोह्रश्राद्ध पूर्णिमा पछिको बाटो खन्ने चलन रहेको छ । बाटो खन्दा सबैले मिली गीत गाउँदै ३ पटकसम्म घरदेखि टाढा ५-७ मिनेटको दोबाटो वा घाटमा काँस कुसले बनाएको सानो छाप्रो बनाएको हुन्छ, त्यसमा गई उनीहरू गीत गाउँदै पितरालाई

(पित्र) बोलाउँछन् । यस अवस्थामा उनीहरू पितरालाई बोलाउन यसप्रकारको गीत गाउन सुरु गर्दछन् ।

गीतः

*चाँडै सुध आवरे*
*खारै सुद आवरे*
*दुवै दिन अघिपिछ्छ*
*हख्यान धनै दुःखै लाग्छ रे ।*

*उकाली र ओराली*
*उकाली र ओराली*
*यसै घरको पितरालाई*
*ल्याउँला उराली ।*

*चढाई बढाई गऱ्या छौं*
*बाटो पनि खन्या छौ ।*
*पितराकै लागि हाम्ले*
*बाटो खन्या छौं ।*

उकाली, ओराली सबै ठाउँमा पितरा देवतालाई गाह्रो हुन्छ भनी हामीले बाटो खनिदिएका छौँ । चाँडै गरी पित्र आऊ भनी लोकलयमा पितरालाई बोलाउँछन् ।

काँसकुसले कुटी बनाएर पितरा बोलाएका ठाउँमा आउने भएपनि नयाँ पितरा आउँछन् र नआए पुरानो पितराहरू आउँछन् । उल्टो हिँडी नदीमा गएर नुहाईओरी आफ्नो थानमा पितराहरू जान्छन् । डाँग्रे जसलाई पितरा आएको छ, अर्ध चेत अवस्थामा हुन्छ । ऊ काम्छ र उल्टो हिँड्दै नुहाएर उल्टै हिँडी आफ्नो थानमा जान्छ । आफ्ना परिवारलाई भन्नु पर्ने कुराहरू भन्छ ।

यस प्रकार पितरा आइएसकेपछि भोलिपल्ट बुधबार पित्र पाल्ने चलन छ । यस दिन मध्यान्हमा लिङ्गो त्रिलिङ्ग सालको टुप्पोसहितको काठ काटी तीन चम्का बनाई गाडेको हुन्छ । त्यस अवस्थामा जोगी र पितरा त्यही त्रिलिङ्गोको आड लागी नाच्छन् । यस अवस्थामा जोगीले विभिन्न प्रतीकात्मक रूपमा यौनिका क्रियाकलाप देखाउँछन् र रमाइलो गर्दछन् ।

बेलुका भएपछि पितरालाई बोलाउँछन् । जम्मा भएका मानिसहरूले गीत गाउँदै रमाइलो गर्छन् । पितरा (पित्र) थानमा गएपछि आफ्ना परिवासँग कुरा गर्न थालेपछि जम्मा भएका अरू परपाहुनाहरू माया पिरतीका, दुःखसुखका, आँसुहाँसोका गीतहरू गाउँछन् । पुरुष एक समूहमा र महिला एक समूहमा भई दोहरी गीत लामो लेघ्रो चान्ने लोकलयमा गाउँछन् ।

*केटा समूहः पानी है पऱ्यो, त्यो रिमीझिमी, घाम लाग्यो घमाईलो*[२]
*मरेर जाने, यो जुनी हाम्रो, गरौं है रमाईलो*[२]

*केटी समूहः रोशी है आयो, कोशी है आयो, बगायो गेगर*[२]
*हाँसखेल गर्ने, दुईबारको जुनी, मरिलानु के छ र*[२]

*केटा समूहः हिमालै चुली, त्यो पल्लोपिट चलेमा हुलाकी*[२]
*गहना लाउने मन भए कान्छी ल्याइदिन्छु बुलाकी*[२]

*केटी समूहः हिमालै चुली, त्यो पल्लोपिट्ट, चलेमा हुलाकी*[२]
*त्यसै त मलाई, नक्कली, भन्छन्, लाउँदिन बुलाकी*[२]
*मायामा लाउने, मन गर्छौ कान्छा, साँच्चै कि बहाना*[२]
*मायामा लाउने मन भए कान्छा के दिन्छौं गहना?*

*केटा समूहः रोशीलाई आयो, कोशीलाई आयो, बगायो काठको पुल*[२]
*घण्टाघर जत्रो, तिलहरी, दिउँला, टुँडिखेल जत्रो फूल*[२]

यसरी रातभर केटा र केटीहरूको समूहबीच कहिले मया प्रेमका त कहिले जीवन जगतका, कहिले पीर र मार्काका गीतहरू गाउँदै जुहारी खेल्दै रात बिताउँछन् । विहीबार ४ बजेतिर पितरालाई खालोमा राखी चढाउनुपर्ने कुरा खालोमै चढाई नदीमा लगेर बगाउँछन् ।

खास गरी युवायुवतीहरूको स्वभाविक आकर्षण गीतको विषय बन्छ भने यसले स्रोतालाई भरपुर मनोरञ्जन पद्रान गर्छ । युवा युवतीहरू समूह वा एकल रूपमा मिलेर अर्को पक्षलाई आफूतिर अकर्षण गर्न खोज्ने काम यस्ता गीतमा हुन्छन् भने अर्कोतिर उनीहरूले विछोड - वियोगको पीडालाई अभिव्यक्त दिने माध्यम समेत यस संस्कार गीतलाई बनामउँछन् । युवायुवतीहरूको स्वच्छन्द प्रेमकर्षणका आनन्द लिइरहेका हुन्छन् । प्रेम वा रति स्थायी भावयुक्त यो गीत संयोग सृङ्गारको उत्कृष्ट नमूनाका रूपमा रहेको छ । अन्त्यानुप्रास योजना र अलङ्कारिक भाव विधानका, कारण रूप र भाव दुवै दृष्टिले कलात्मक बनेको छ ।

यस भेगमा यो मृत्यु संस्कारको पितरा बोलाउने चलन फरक-फरक समयमा पाइएको छ । सिन्धुपाल्चोकको भीमटार क्षेत्रमा दशैंमा बोलाउने चलन रहेको छ भने सुनकोशी, तामाकोशी क्षेत्रमा सोह्र श्राद्धमा बोलाउने चलन छ । रामेछापको हात्तीसार, कुडौरी क्षेत्रमा यसरी नबोलाई मंसिर पूर्णिमा वा वैसाख पूर्णिमामा वायु बोलाउने चलन रहेको छ ।

पितरालाई विदा गरी खालो बगाउँदा यी गीतहरू गाउने चलन रहेको छ ।

*तिमी नाउनेउ अहिलेबात*

*हामी नाउनेउ अहिलेबात*

*दुवै दिन अघिपछि दुख देन लागेस् है !*

दु:ख नमान्नु, हाम्रो जाने बाटो पनि त्यही हो भनी उनीहरू पित्रलाई विदा गर्छन् र खालो नदीमा बगाई सकेपछि घरफर्कने बेला उनीहरू यो गीत गाउँदै फर्कछन् : -

*माझीको पितरा घ्याम्पा भित्तर*

*अरूको पितर छैन भितर*

*हल्लिन दे भाई चिल्लिन  दे*

*राजाको छोडियालाई ढुकाउन दे हा....हा....हा..*

**च) चाडपर्व**

माझी जातिहरू हिन्दू धर्मावलम्बी हुन् । दशैं, तिहार, माघेसक्रान्ति, साउने सक्रान्ति, चैते दशैं, चण्डी पूर्णिमा आदि उनीहरूले मान्ने प्रमुख चाडहरू पर्दछन् भने उनीहरूको आफ्नै मौलिक चाड भने घाटपूजा हो । यस अध्ययनमा संस्कार गीत भएका केही चाडहरू यहाँ उल्लेख गरिएको छ ।

**अ) घाटपूजा**

माझी जातिको मौलिक चाड घाटपूजा हो । यो नदी किनारमा डुङ्गा चलाउने कार्य गरेबापत गङ्गाको र डुङ्गाको   सम्झनामा गरिन्छ । नदीलाई अपार शक्ति मानी नदीको पूजा गरिन्छ । प्रायः फागुन महिनामा यो पूजा गर्छन् । केहीले भने फागुनको सुरुका हप्ताको मंगलबार कोहीले दोस्रो वा तेस्रो हप्तातिर पूजा गर्दछन् । घाटपूजा गर्दा प्रायः लोग्ने मानिसहरू मात्र जाने गर्दछन् । रामेछापको भटौली र कुँडौरी भेगतिर घाटपूजा गर्दा पछि महिलाहरू गए भने मिजारले दण्ड गर्ने चलन पनि रहेको छ । लोग्ने मानिसहरू मात्र जम्मा भई दिनभरि पूजा गरी नाचीगाइ, हाँसखेल गर्छन् । त्यो रात पनि नदीकै किरनामा बसी गीत गाएर, नाचेर रात बिताउँछन् । यस भेगमा भने आइमाईहरू मिजारका घरमा जम्मा भएर गीत गाएर रात बिताउँछन् । झाँगाझोली कोथपे भेगमा भने दिनमा नै पूजा गरी बेलुका रमाइलो गरी फर्कन्छन् । घाटपूजाको सुरूवातमा यसप्रकारको गीत गाउँछन् ।

*हा..हा..हा...हा...*

*कौशिका नेरतिर पूजान हरिसेवा*

*ऐरकतले बालुवा बालुवा विजाई*

*राम राज्य मुरली गोकुलमा कृष्णले बजाई*

*रामलेछ्रु मुरली गोकुलमा कृष्णले बजाई*

*कृष्णले बजाई हो कि रामले बजाई*

*गोकुलमा कृष्णले बजाई*

यसरी राम लक्ष्मणको र कृष्णको भाव गर्दै गीत सुरु गर्दछन् भने गंगा भएकाले गोसाईथान जान नसक्ने भएकाले मलाई पनि  घाट तारिद्यौ भनी प्राथना गर्दछन् ।

*खैरेनी घाटको तिरमा*

*सुनकोशीको शिरमा*

*जलदेवताको बास छ*

*हाम्लाई ठूलो आस छ*

*कोशी पूजा गरेर*

*डुङ्गामाथि चडेर*

*चोखो माया प्रीति लाऊँ*

*नेपाल शहर घुम्न जाउँ*

*हा..हा..हा...हा...*

*वारी पनि गंगा*

*पारी पनि गंगा*

*माझैमा भीमेश्वरी थान*

*कहाँ जान्छौ लक्षमण ?*

*मलाई पनि लैजाउ गोसाईथान*

त्यस्तै माइत आएकी चेली नदीको किनारमा अलपत्र परेकीले यस बेलामा चेलीले पनि गीत गाएर माझीलाई घाट तारिद्यौ भन्दछिन् । प्रस्तुत गीतमा सुनकोशीको पूजा गरी शीरमा रहेकी जलदेवतालाई खुसी पारेर आफ्नो माया प्रीति अमर राखेर इच्छाइएका सबै कुरामा सफलता प्राप्त हुने विश्वास प्रकट भएको छ । जलदेवता

खुसी भई काठमाडौँ सम्मको माया प्रीति प्रगाण हुने उनीहरूको मनसायलाई यसमा व्यक्त गरिएको देखिन्छ । चार हरफको एक श्लोक भएको प्रस्तुत गीतमा अन्त्यानुप्रासको उचित संयोजनले श्रुति मधुरता थपेको छ ।

*कुइरोमा पारी बादल*

*बादलु पारी माइती देश*

*हटिद्यौ न बादल*

*म हेरी जान्छु माइती देश ।*

*हुङ्गे काठको डुङ्गी*

*मनचिन्ने वहाना*

*तारिद्यौ न घटुवारे*

*खाजा दिन्छु गहना ।*

माइती जान लागेकी चेलीले नदी पार गर्न नसक्दा डुङ्गा तार्ने घटुवारेलाई भाडाको रूपमा बरु गहना दिन्छु, आफूलाई नदी पार गराई देऊ भनी यस गीतमा भनिएको छ । साथै आफ्नो रमाइलो माइती देशको अचम्मै माया गर्दै बादल फाटेपछि आकाश खुलेपछि त्यहाँबाट आफ्नो माइती गाउँ देखिने भएकाले गीतबाट बादल फाटोस् भनी कामना गर्दछन् ।

माझी जातिले घाटपूजालाई अलि फरक किसिमले हेरेको पाइएको छ । त्यस दिन आइमाईहरू जान नपाउने भएकाले आ-आफ्ना घरका यौन समस्यालाई र यौन भावनालाई उनीहरू गीतको माध्यमबाट पोख्ने गर्दछन् । जस्तौः

*पारीपट्टि बारूला*

*खाम्चाङ खुम्चुङ पारूला*

*होल होला रे ..............।*

*पारीपट्टि सतिबीर*

*सक्छौ भने तिघ्राभिर*

*होल होला रे ...........।*

*पारीपट्टि एक्लेभीर*

*भागी जान कति बेर*

*होल होला रे ...........।*

*घाटको घटुवारे घाटैमा छ*

*तेरीभगी कुछि गेलिन माइतै छ (भगः स्वास्नी)*

*होल होला रे ................।*

*अदुवाको बारीमा*

*यो कान्छीको सारीमा*

*निलो-निलो पाटोछ*

*त्यसमा रातो टाटो छ ।*

*होल होला रे ................।*

*तलतिर खोपेको*

*चोलीभित्र छोपेको*

*सुन्तलाको ती दाना*

*हाम्लाई पनि देउ खान*

*होल होला रे ................।*

यस गीतमा युवाहरूले आलङ्कारिक विधान गरी युवतीहरूका शारीरिक अङ्गहरूको उपभोग गर्न दिनका लागि अनुरोध गरेको कुरा उल्लेख छ । माझीका पितृ कर्ममा घ्याम्पा वा त्यसभित्रको जाँड रक्सी अनिवार्य हुने र जाँड रक्सीले लठ्ठी भएपछि

अश्लीलताको पराकाष्ठा नाग्ने गरेको प्रसङ्ग पनि गीतबाट बुझ्न सकिन्छ । संरचनाका दृष्टिले चारपाउका एक श्लोकको ढाँचामा र 'होल होला रे' को पुनरावृत्तिले उत्कृष्ट ठहरे पनि अश्लील शब्दहरूको विन्यासले हरेक समाजमा खुलेर गाउन नसकिने खालको देखिन्छ ।

आ) जखनी पूजा

भूमिपूजालाई माझीहरू जखनीपूजा भन्दछन् । गाउँका प्रत्येक धुरीबाट २/२ वटा भाले र पोथी, २/२ वटा रोटी लिएर जेठ वा असार महिनामा प्रायः मंगलबार पारेर एक ठूलो वृक्षमुनि जखनीको पूजा गर्दछन् । यस पूजामा मिजार नै पुजारी हुनछन् । यस अवस्थामा यिनीहरू सिमेमुभे, नागनागिनी हामी तिम्रो पूजा गर्छौ, बलीनाली राम्रो होस, सबैलाई राम्रो होस्, वर्षात् होस् भनी कामना गर्दै यस्तो गीत गाउँछन् :

*सीमे भूमे नागनागिनी*
*धर्तीमाता जखनी*
*तिम्रो पूजा गर्छौं हामी ।*

*तारा त तारा*
*आकाशैको तारा*
*हामी पर्छौं धर्तीमाता*
*तिम्रै सहारा ।*

*वर्षात पनि गराईदेऊ*
*अन्न पनि फलाई देऊ*
*रोगव्याधि हटाई*
*हामीलाई राम्रो गराईदेऊ ।*

संरचनाको दृष्टिले ३ देखि ४ हरफसम्म रहेको र अन्त्यानुप्रास गराई देऊ फूलाई देऊ हामी नगिनीले गर्दा गेयात्मक र मिठास रहेको छ ।

**इ) छुद्रीपूजा**

दशैंको टीकाको भोलिपल्ट र मंगलबार पारेर घरभित्रको पूजा गरिन्छ । यस अवस्थामा सुनकोशी तामाकोशी भेगका माझीहरू भीमसेनको पूजा गर्ने गर्दछन् । घरमा सबै कुरामा बल देऊ भनी उक्त पूजा गरिन्छ । यस अवसरमा आफ्ना शत्रु नास हुन् भनेर कुविण्डोमा चार हात गोडा हाली राक्षसको प्रतिकात्मक रूपमा बनाई धनुकाँडकले उक्त कुविण्डोलाई हान्ने र गीत गाउँदै शत्र नास गऱ्यौं भन्दै 'तारो हान्ने' चलन रहेको छ ।

छुद्रीपूजा  मंगलबार राति गरी बचेको सामान केही पनि घर बाहिर ल्याउन नहुने उनीहरूको मान्यता छ । त्यहीँ सबै कुरा खाल्टो खनी गाड्ने चलन छ । रातभर मारूनी बनी नाच्ने चलन रहेको छ । त्यस अवसरमा ख्याली गीतहरू गाउने चलन रहेको छ । यस अवसरमा गाइने गीतहरू यसप्रकार छन् :

जस्तोः

*शिरैडेरी धागो*

*पहिराईमा ल्याई*

*आङ्गैतिर चोलीमा*

*पहिराई ल्याई*

*तमोकेरी फरिया*

*पहिऱ्याईमा ल्याई*

*हातैकेरी चुरी*

*पहिऱ्याईमा ल्याई*

*गौडेकेरी पाउजू*

*पहिऱ्याईमा ल्याई*

*रक्षा गर भगवान्*

*तिम्रो सेवा गरिरहुँला*

*घरको लक्षण जानै लाग्यो*

*रक्षा गर भगवान्*

*तिम्रो सेवा गरूँला*

*ताकी हालौं मारी हालौं*

*त्यै पापी सत्तुरलाई ॥*

मारूनी बन्दा पहिऱ्याउका कुराहरूलाई गीतमा क्रमैसँग भनिएको छ । मारूनीले लगाउने चुरा, धागो, फरिया, चोली, पाउजु आदि लगाएर मारूनी बनाउछन् र ती गीतको तालमा मारूनी नाच्छन् । गीत सरल छ, पहिऱ्याइमा ल्याहि भन्ने रहनीले गीतलाई मीठास बनाएको छ ।

## परिच्छेद - पाँच

# सारांश र निष्कर्ष

### ५.१ सारांश

पूर्वी नेपालको सुनकोशी-तामाकोशी क्षेत्रमा बसोबास गर्ने माझी जातिको संस्कारमा गाइने संस्कारगीतको अध्ययनसँग सम्बनिध्त प्रस्तुत अध्ययन पत्र स्नातकोत्तर तहको नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो । पाँच परिच्छेदमा विभक्त यस अध्ययनपत्रमा त्यस क्षेत्रमा प्रचलित रहेको माझी जातिका संस्कारमा गाइने संस्कार गीतहरूको सङ्कलन गरी तिनको वस्तुसङ्गत सैद्धान्तिक विश्लेषण र मूल्याङ्कन गर्ने प्रयाश भएको छ ।

संस्कारगीत लोकगीतकै एउटा हाँगो हो । विभिन्न विद्वान्हरूले लोकगीतलाई विभिन्न तरिकाबाट चिनाउने प्रयास गरे तापनि तिनीहरूबीचमा मतैक्य देखिदैन । यसबाट लोकगीत स्थान र व्यक्तिपिच्छे विशेषमा फरक फरक ढङ्गबाट प्रचलनमा रहन्छ भन्ने बुझिन्छ । वास्तवमा लोकगीत भनेको लोकजीवनका विभिन्न वर्ग र सम्प्रदायको प्रिय त्यस्तो लयात्मक भाषिक अभिव्यक्ति हो जो लोकवासीको अन्तहृर्दयबाट प्रस्फूटित हुन्छ र अलिखित रूपमै युगौंयुगसम्म जीवन रहन्छ ।

लाङटाङ हिमश्रृङ्खला देखि गौरिशङ्कर हिमाल सम्मको जलाधार क्षेत्र सुनकोशी-तामाकोशी नदीको जलाधर क्षेत्र हो । यी जलाधार क्षेत्रमा उच्च हिमाली भेगदेखि पहाडी भेग सम्म यसले ओगटेको छ । कयौं पहाड, वेसी, टार, खोच, दुन यस क्षेत्र भित्र पर्दछ र यी क्षेत्रहरूमा मानव सभ्यताको विकाससँगै विभिन्न जातजातिका मानिसहरू बसोबास गर्ने गर्दछन् । यी जात जातिहरूका भूगोल अनुसार आफ्नै रहन सहन आफ्नै भेष-भूषा र आ-आफ्नै भाषा संस्कृति र संस्कारहरू छन् । यस क्षेत्रमा नेपालमै अल्प संख्यामा रहेका जिरेल, धामी, हायू, सुनुवार यस देखि लिएर भोटे शेर्पा, गुरुङ, लेप्चा, लिम्बु, मगर, नेवा, तामाङ्ग, तन्त्याल, घ्योल्मो, पहरी, भुजेल, सुरेल, राई, बोटे, दनुवार, कुमाल, दराई आदि जनजातिहरू रहेका छन् ।

सुनकोशी-तामाकोशी जलाधार क्षेत्रले ओगटेको राजनैतिक भूगोल भित्र सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा, रामेछाप, सिन्धुली, उदयपुर, ओखलढुङ्गा आदि पर्दछन् भने सिन्धुपाल्चोक, दोलखा हिमाली जिल्ला, ओखलढुङ्गा, रामेछाप, सिन्धुली, उदयपुर, काभ्रेपलान्चोक पहाडी जिल्ला हुन । यस भित्र पनि सिन्धुली र उदयपुर भित्री मधेश जसले चुरेर पहाड क्षेत्र बीचको भू-भाव ओगटेका छन् ।

जलाधारको हिसाबले कोशी प्रदेश जसमा सुनकोशी, तामाकोशी इन्द्रावती, लिखु, अरूण, दूधकोशी, तमोर भोटेकोशी मिलेर कोशी प्रदेश बनेको छ । सुनकोशी-तामाकोशी नदीहरूका नदीहरूमा मेलम्ची, इन्द्रावती, भोटेकोशी, बलेफी, चौरीखोला, रोशीखोला, खिम्ती, मिल्ती आदि सहयाक नदीहरू मिलेर बनेको छ ।

यस क्षेत्रका प्रसिद्ध पर्यटकीय स्थलहरूमा हेलम्बु, जिरी, बाम्ती भण्डार, सिन्धुली गढी, रामेछाप आदि ठाउँहरू रहेका छन् भने धार्मिक स्थलहरूमा पाँचपोखरी, भैखकुण्ड, गौरती भीमसेन, कुशेश्वर, चुण्डेश्वरी, हलेसी महादेव भीमेश्वर, सिद्धेश्वर आदि रहेका छन् ।

ऐतिहासिक दृष्टिकोणले हेर्दा नेपालको कोशी प्रदेश महत्त्वपूर्ण रहेको छ । नेपाल भोटसँगको युद्ध र नेपाल अंग्रेजसँगको युद्ध यसै कोशी क्षेत्रमा भएको थियो । नेपालले त्यतिखेरको साम्राज्यवादी शक्ति अङ्ग्रेजलाई सुद्ध सिन्धुली गढीको युद्धमा हराएर इतिहासमै उच्च स्थान राख्न सफल भएको थियो ।

साहित्य सिर्जनाका दृष्टिले देवीदत्त पराजली रवतीरमण न्यौपाने, केदारमान व्यथित, गुरूप्रसाद मैनाली वि.पि.कोइराला, उमानाथ शास्त्री, धरणीधर काइराला, शङ्कर कोइराला, गोविन्दप्रसाद भट्टराई, सिद्धिचरण श्रेष्ठ, चन्द्रप्रसाद न्यौपाने, गगन विरही, नरेन्द्रराज पौडेल भरतराज मन्थलीय, कृष्णहरि बराल आदि साहित्यकारहरूले यस क्षेत्रको साहित्यिक फाँटलाई उर्वर बनाएका छन् ।

## ५.२ निष्कर्ष

सुनकोशी-तामाकोशी क्षेत्रको आसपासमा प्रचलित लोकगीतहरूमा पनि सरलता, सहजता, मौलिकता, स्वच्छदता पाइन्छ । यस क्षेत्रमा खास गरेर मेलापात, चाडपर्व,

धर्मकर्म र विभिन्न संस्कारहरू गर्दाका अवसरमा गीत गाउने प्रचलन छ । विभिन्न जात-जतिको संस्कारमा गाइने संस्कार गीत निकै प्रचलनमा छ । माझी जातिको विभिन्न संस्कारमा गाइने संस्कारगीत झनै प्रचलित छ । यी गीतहरूले यस भेगका माझी जातिका धर्म, संस्कृति, संस्कार मेलापात, प्रेमप्रणय आदिकुराहरूको प्रतिनिधित्व गरेका छन् । उनीहरूको संस्कारभित्र लुकेर रहेका, लय, भाव, अलाप, रागलाई, जनमानसमा ल्याउन सके अरू राम्रो हुने थियो । र ती भाव भाकाहरू उनीहरूका जनजिव्रोमा मात्र नभई अरू जात जातिका जिब्रोमा पनि झुण्डिन सक्थ्यो । समग्रमा सुनकोशी-तामाकोशी क्षेत्रमा माझी जतिमा प्रचलित माझी जातिका संस्कार गीतहरू स्थानीय जनजीवनमा  कथा, व्यथा, संस्कार, परिवेश संस्कृति, धर्म र परम्परा आदि कुराहरूलाई समेट्न सफल देखिन्छ ।

## सन्दर्भसामग्री सूची


बन्धु, चुडामणि २०५८- **नेपाली लोकसाहित्य**, काठमाडौं, एकता प्रकाशन ।

गिरी, जीवेन्द्रदेव २०५७, **लोकसाहित्यको अवलोकन**, काठमाडौंः एकता प्रकाशन ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे २०४१, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाण्डौंः पाठ्क्रम विकासकेन्द्र त्रि. वि. ।

पन्त, कालीभक्त २०५८, **हाम्रो सास्कृतिक इतिहास**, स्याङ्जाः प्रकाशन ।

पराजुली, कृष्णप्रसाद २०५७, **नपाली लोकसाहित्यको आलोक**, काठमाडौंः वीणा प्रकाशन ।

पराजुली, मोतीलाल २०६०, **लोक गीतको संरचना कुञ्जिनी** साहित्य समालोचना विशेषाङ्क ।

आचार्य, गोविन्द २०६२, **लोकगीतको विश्लेषण**, काठमाडौंः पैरवी प्रकाशन ।

शर्मा, मोहनराज र लुईटेल, डा. खगेन्द्रप्रसाद २०६६, **शोधविधि**, ललितपुर, साझा प्रकाशन ।

शर्मा, प्रा. मोहनराज र लुईटेल. डा. खगेन्द्रप्रसाद २०६३, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, भोटाहिटी, काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, हंसपुरे २०६०, **नेपाली लोकपथः परिचय र विवेचना**, काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

घिमिरे, हरिहर २०६०, **समाजशात्र, मानवशात्रको परिचय**ः तलेजु प्रकाशन ।

जमघट २०६०, साहित्यिक विशेषाङ्क, सिन्धुपाल्चोक ।